नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

● वर्ष ३ ● अंक १७१ ● २०८२ साल वैशाख २२ गते सोमबार ● Monday 05, May 2025 ● सूर्योदय: बिहान ५:२५ बजे ● सूर्यास्त: साँझ ६:४० बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## मधेशका डिआइजीमा चतुर्वेदी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश प्रहरी कार्यालयको कमान्ड सम्हाल्न प्रहरी नायव महानिरीक्षक (डिआइजी) उमा प्रसाद चतुर्वेदी आउने भएका छन् । नेपाल प्रहरीले सरुवा गरेको ७ डिआइजीको सूचीमा मधेशमा चतुर्वेदी परेका हुन् । गृहमन्त्री रमेश लेखकले डिआइजी सरुवाको निर्णय गरेका हुन् । सरुवासँगै ६ वटा प्रदेशका प्रहरी प्रमुख परिवर्तन भएका छन् । मधेश प्रहरी प्रमुख चतुर्वेदी कपिलवस्तुको कृष्णनगर नगरपालिका–१०, सौनहवा निवासी हुन् । चतुर्वेदीले महेन्द्र माध्यमिक विद्यालय, कृष्णनगरबाट एसएलसी उत्तीर्ण गरेका हुन् भने उनी नेपाल प्रहरीमा २०५३ मा जोडिएका हुन् । उनी २०७७ असारसम्म सिरहामा प्रहरी उपरीक्षक थिए । यसपछि प्रहरी वरिष्ठ उपरीक्षक हुँदा नेपाली दुतावास, भारतमा पनि काम गरेका थिए । यस्तै, सरकारले कोशी प्रदेशमा ईश्वर कार्की, बागमती प्रदेशमा अरुण पौडेल र गण्डकी प्रदेशमा दिनेश कुमार आचार्यलाई डिआइजीका रुपमा खटाएको छ । लुम्बिनी प्रदेश प्रहरी प्रमुखमा राजेन्द्र प्रसाद भट्टलाई पठाइएको छ ।

# आकस्मिक कक्षको ठेक्कामा पौने दुई करोड बढी भ्रष्टाचार



डा. सञ्जयकुमार ठाकुर
तत्कालीन मेसु



डा. वीरेन्द्र बहादुर प्रधान
तत्कालीन मूल्यांकन संयोजक



सुदिप कुमार माझी
तत्कालीन लेखापाल

**मधेशदृष्टि**
**वीरगंज ।**
देशकै पुरानो अस्पताल नारायणी अस्पताल, वीरगंज पर्साका तत्कालीन प्रमुख मेडिकल सुपरिटेन्डेन्ट सञ्जय कुमार ठाकुरसहित नौ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशष अदालतमा मुद्दा दायर गरेको छ । उनीहरुविरुद्ध एक करोड ८४ लाख ३८ हजार ४ सय ५८ रुपैयाँ भ्रष्टाचारको आरोपसहित मुद्दा दायर भएको हो ।

आयोगका प्रवक्ता राजेन्द्र कुमार पौडेलका अनुसार आर्थिक वर्ष २०७७–७८ मा नारायणी अस्पताल वीरगंजको आकस्मिक कक्ष निर्माणसम्बन्धी ठेक्का प्रक्रियामा सार्वजनिक खरिद ऐन तथा नियमावली विपरीत हुने इन्टरलकिङ टायललाई भवन निर्माणको मुख्य आइटमको रुपमा समावेश गरेको आरोप लगाइएको छ । निर्माण कम्पनी शिवाको–विकास एण्ड ब्रदर्स–बिजी जेभीले काठमाडौँ उपत्यका सडक विस्तार आयोजनामा ग्रे कलरको इन्टरलक ब्लकको काम गरेको देखाए पनि अति सामान्य कुरालाई बदनियतपूर्वक बोलपत्रमा समावेश गरेको देखिएको अख्तियारको आरोप पत्रमा उल्लेख छ ।

शहरी विकास तथा भवन कार्यालय पर्साका निमित्त कार्यालय प्रमुख इञ्जिनियर राजेन्द्र साह तथा इञ्जिनियर सकुर अन्सारी, नारायणी अस्पताल, वीरगंजका तत्कालीन नायब सुब्बा सुशीलप्रसाद यादव र तत्कालीन लेखापाल सुदिप कुमार माझीविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर भएको छ । यसैगरी, मूल्याङ्कन समिति संयोजक डा. वीरेन्द्रबहादुर प्रधान र सदस्य सचिव माधवी चौधरी, मिसन कन्स्ट्रक्सन एण्ड सप्लायर्सका प्रबन्ध निर्देशक तथा लुम्बिनी मिसन जेभीका आधिकारिक प्रतिनिधि जगत बुढा र लुम्बिनी बिल्डर्सका तत्कालीन प्रबन्ध निर्देशक विष्णुप्रसाद शर्माविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको आयोगको विज्ञप्तिमा उल्लेख छ ।

कुनै एक मात्र लक्षित निर्माण व्यवसायी सफल हुने गरी सार्वजनिक निर्माणको कार्यमा प्रतिस्पर्धा सीमित हुने गरी ठेक्का सम्झौता गरेर नेपाल सरकारलाई हानीनोक्सानी पु¥याएको बिगो रकम एक करोड ८४ लाख ३८ हजार ४ सय ५८ रुपियाँ कायम गरी आइतबार विशेष अदालत, काठमाडौँमा आरोपपत्र दायर भएको हो ।

उनीहरुमाथि अस्पतालको आकस्मिक कक्ष भवन निर्माणको ठेक्कामा कुल लागतको ३.५ प्रतिशत हिस्सा इन्टरलक ब्लक बिछ्याउने र मुख्य निर्माण कार्य नभई सहायक निर्माण कार्य रहेको निर्माणमा एम ३५ इन्टरलक ब्लक बिछ्याउन बोलपत्र अस्वीकृत गरी मिलेमतोमा राज्यलाई हानिनोक्सानी गरेको अख्तियारको मुख्य आरोप हो । आयोगका प्रवक्ता पौडेलका अनुसार संलग्न सबै व्यक्तिलाई भ्रष्टाचार निवारण ऐनको दफा १७, ३(१)(झ), ३(१)(छ) लगायतका दफाअनुसार कैद र जरिवानासहितको सजाय माग गरिएको छ ।

## शहीद परिवारद्वारा मन्त्रालयमै धर्ना




**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश सरकारका गृह, सञ्चार तथा कानून मन्त्रालयमा मधेश आन्दोलनका शहीद परिवारले धर्ना दिएका छन् । मधेशी शहीद प्रतिष्ठानका सदस्य रामनरेश रायको मृत्युको कारणबारे स्पष्ट गर्नुपर्ने, रोजगार पाएका शहीद परिवारका सदस्य रोजगार यथावत राख्नु पर्ने, समयमा ज्याला पाउनुपर्ने लगायतको मागसहित उनीहरु धर्ना बसेका हुन् ।

शहीद प्रतिष्ठानमा सदस्यको नियुक्ति प्रक्रिया अघि नबढेको, स्वास्थ्य वीमा प्रक्रिया अगाडि नबढेको, शहीद परिवारका सदस्यको विगत जस्तो करारमा नभएर दैनिक ज्यालादारीमा झारेको, हटाउँदै गएको शहीद परिवारको गुनासो छ । २०८१ फागुन १९ गते राति मधेश भवनको आवासमा प्रतिष्ठानका सदस्य राय सुतेकै ओछ्यानमा मृत फेला परेका थिए । प्रथम मुख्यमन्त्री लालबाबु राउत सरकारको पालामा एक शहीद परिवार एक रोजगार कार्यक्रम लागू भएको थियो । धर्नास्थलमै सञ्चारमन्त्री राजकुमार लेखीले प्रक्रियामा रहेकाले कामहरु अघि बढिरहेको बताए ।

## सशस्त्र सीमामा सुरक्षाका नाममा लुट मच्चायोः साह




**मधेशदृष्टि**
**भैरहवा ।**
आमजनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले सशस्त्र प्रहरीले सीमामा सुरक्षा नभइ लुट मच्चाएको बताएका छन् । रुपन्देहीको पिप्रा महजिदिया बजारमा आइतबार आयोजित खबरदारी सभामा साहले सिमानाको रक्षा गर्ने सीमावर्ती क्षेत्रकै नागरिकलाई सशस्त्र प्रहरीले लुट्ने काम गरिरहेको आरोप लगाए ।

'सिमानाको रक्षा, सुरक्षा सीमावर्ती क्षेत्रका नागरिकले गरेका छन्, आफ्नो ज्यानको बाजी लगाएर पनि सीमाको रक्षा गर्ने त्यही सिमावर्ती क्षेत्रका नागरिकलाई सशस्त्र प्रहरीले लुट्ने काम गर्नु दुःखद हो,' साहले भने, 'किसानलाई सरकारले आवश्यक मलखाद दिँदैन । सिमावर्ती क्षेत्रका नागरिकले भारतबाट ल्याएको एकदुई बोरा मलखाद खोस्ने र लुट्ने काम गरेर सशस्त्र प्रहरीले बहादुरी देखाउँछन् । कमिसनको लोभमा मलखाद खोसिदिनु सरकारी अपराध हो ।'

सीमावर्ती क्षेत्रमा भन्सार छलीको नाममा लुट मचाउने काम बन्द नगरे कडा आन्दोलन गर्ने चेतावनी उनले दिए । किसानलाई आवश्यक मलखाद नदिने तर कमिसनको लोभमा भारतबाट ल्याएको मलखाद खोसिदिने सरकारको अपराध भएको उनले बताए । मलखाद मात्रै नभई घरायसी प्रयोगका लागि सीमावर्ती क्षेत्रका जनताले कुनै समान ल्याउदा त्यसलाई खोस्ने र उसको निजी सम्पत्ति लुट्ने काम वर्तमान केपी शर्मा ओली नेतृत्वको सरकारले गरिरहेको बताए । 'कमिसनका नाममा सरकारी लुट मच्चाइएको छ । पुरस्कारका लोभमा सीमावर्ती क्षेत्रमा लुट मच्चाउने भएको छ । मन्त्री, आइजिपीसम्मले अदृश्य कमिसन लिइरहेका छन् । वास्तवमा सीमामा प्रहरीले कुनै सामान पक्राउ गरेपछि त्यसबातप पाउने पुरस्कार पक्राउ गर्ने प्रहरीले नै पाउनुपर्ने होइन र ? तर तलदेखि माथिसम्मकाले बाँडिरहेका छन्,' साहले भने ।

आजपा उपाध्यक्ष डा. उसमानको अध्यक्षतामा भएको कार्यक्रममा आजपाका नेताहरु त्रिभुवन साह, नारायण पाण्डे, श्रीभगवान पटेल, विधा शर्मा लगायतका सहभागिता थियो ।

## ठोस र परिमाणमुखी बजेट ल्याउन एमालेको जोड

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले आगामी आर्थिक वर्षको बजेटबारे पार्टीमा छलफल गरेको छ ।

ललितपुर, च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा बसेको सचिवालय बैठकमा आगामी आर्थिक वर्षको सन्दर्भमा छलफल भएको बैठकपछि आयोजित पत्रकार सम्मेलनमा एमाले उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिए । उनले बैठकमा नेताहरुले बजेट ठोस र परिमाणमुखी हुनुपर्नेमा जोड दिएको बताए ।

'मूलतः नीति तथा कार्यक्रमले भनेजस्तै बजेट पनि ठोस र परिमाणमुखी होस् । विगतमा योजनाको छनौट स्रोतको विन्यास र योजनाको प्राथमिकतामा भद्रगोल देखिएको छ,' उनले भने, 'विगतमा भएको अव्यवस्थालाई चिर्दै बजेट आओस् ।

सङ्घीय सरकारले राष्ट्रियस्तरका योजनामा केन्द्रित हुनुपर्ने बाँकी योजना प्रदेश र स्थानीय तहलाई दिनुपर्ने भन्ने कुरामा जोड दिइएको छ ।'

यसैगरी, बैठकले बजेट उत्पादन र उत्पादत्वमा केन्द्रित हुनुपर्ने नेताहरुले सुझाव दिएका छन् ।

उपमहासचिव ज्ञवालीले कृषि क्षेत्रका सघन क्षेत्र निर्माण गरेर किसानलाई जमिन, प्रविधि, बजार र बचतमा जोड दिँदै उनीहरुको आम्दानी बढाउने र मुलुकलाई आत्मनिर्भरतामा बढाउने गरी बजेट केन्द्रित हुनुपर्ने सुझाव प्राप्त भएको बताए ।

उपमहासचिव ज्ञवालीले बजेटमा 'जेन–जी' पुस्तालाई केन्द्रमा राखेर उद्यमशीलता, उद्यममा क्रियाशील बनाउँदै जेन–जीसँगैको सहकार्यमा सूचना प्रविधिको विकासलाई अगाडि बढाउन बैठकमा छलफल भएको बताए ।

यसैगरी, बदलिँदो भूराजनीतिकले गर्दा अन्तरराष्ट्रिय सहयोग कटौती भएको र ठेक्का लागेका योजनामा दाताहरुले हात झिक्ने अवस्थाले गर्दा सरकारको दायित्व झन् थपिने भन्दै त्यसलाई ध्यानमा राखेर योजनाको प्राथमिकता गर्न पार्टीले सरकारलाई सुझाव दिएको उनको भनाइ छ । उपमहासचिव ज्ञवालीका अनुसार बैठकमा सुशासन, भ्रष्टाचार नियन्त्रण र स्रोतको अधिकतम सदुपयोगलाई ध्यानमा राखेर बजेट निर्माण गर्न सुझाव दिइएको छ ।

## जीतपुर सिमरामा प्रमुखसँग इतर समूहको द्वन्द्व

**मधेशदृष्टि**
**बारा ।**
जीतपुरसिमरा उपमहानगरपालिकामा मेयर र उनका प्रतिद्वन्द्वी समूहबीचको द्वन्द्व फेरि सतहमा आएको छ । २०८१ असारमा सम्पन्न दशौँ नगर सभाको विवाद अदालतसम्म पुगेर साम्य भए पनि उपमहानगरपालिकाको कार्यपालिका बैठकमा आइतबार फेरि यही द्वन्द्व बल्झिएको छ ।

जीतपुरसिमरा उपमहानगरका मेयर राजन पौडेलले सामाजिक विकास शाखा संयोजक जीतपुरसिमरा–१४ की वडाध्यक्ष चयन गुरुङलाई आइतबार कार्यपालिका बैठकमै सामाजिक विकास शाखाको जिम्मेवारीबाट राजीनामा दिन भनेपछि कार्यपालिका बैठकस्थल अशान्त वातावरणमा प्रवेश गरेको थियो ।

कार्यपालिकाका एक सदस्यका अनुसार उपमहानगरले बनाएको विषयगत समितिलाई जिम्मेवारी नदिइएका विषयमा सामाजिक विकास शाखा प्रमुख गुरुङले प्रश्न गरेपछि मेयर पौडेलले गुरुङको राजीनामा मागेका थिए । कार्यपालिका बैठकमा मेयरले राजीनामा मागेको विषय वडाध्यक्ष गुरुङले आइतबार साँझ सामाजिक सञ्जाल फेसबुकमा पनि लाइभमै बताइन् । 'मेयर साबले मलाई सामाजिक विकास शाखाको जिम्मेवारीबाट राजीनामा दिन भन्नुभएको छ, म भोलि लिखित रुपमा राजीनामा बुझाउँछु,' वडाध्यक्ष गुरुङले फेसबुक लाइभमा भनिन् ।

महिला हिंसाविरुद्धको १६ दिने अभियानक्रममा वडालाई एउटा ब्यानरबाहेक केही नदिइएको, महिला लक्षित कार्यक्रम कटौती गरिएको, सामाजिक विकास समिति संयोजकका हैसियतले आफूले सारेका राम्रा कार्यक्रमलाई मेयरले पूर्वाग्रह राखेर कार्यान्वयन गर्न नदिएकोलगायतका आरोप वडाध्यक्ष गुरुङले फेसबुक लाइभमा उल्लेख गरेकी थिइन् ।

## लामिछानेको मुद्दामा मागबमोजिम हुने तर्क

**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेका तर्फबाट निवेदन सच्याउन दायर अर्को निवेदनमा सर्वोच्च अदालतले माग बमोजिम हुने आदेश गरेको छ । न्यायाधीशद्वय कुमार रेग्मी र अब्दुल अजिज मुसलमानको इजलासले लामिछानेले माग गरेबमोजिम विपक्षी राख्न आदेश गरेको हो । वैशाख ७ गते लामिछानेका तर्फबाट श्रीमती निकिता पौडेलले लामिछानेलाई गैरकानूनी थुनामा राखिएको भन्दै बन्दी प्रत्यक्षीकरणको निवेदन दिएकी थिइन् ।

रविका तर्फबाट दायर निवेदनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालयलाई विपक्षी बनाइएको थियो । निवेदनमाथि सुनुवाइ गर्दै वैशाख ९ गते न्यायाधीश अब्दुल अजिज मुसलमानको इजलासले कारण देखाऊ आदेश जारी गरेको थियो । तर, सचिवालयले म्याद बुझ्न नमानेपछि वैशाख १७ गते लामिछानेका तर्फबाट सचिवालयलाई सच्याएर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बनाउन निवेदन दिइएको थियो । रविको बन्दी प्रत्यक्षीकरण निवेदनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित रुपन्देही जिल्ला अदालत रुपन्देही, उच्च अदालत तुलसीपुर बुटवल इजलास, जिल्ला प्रहरी परिसर भद्रकाली काठमाडौँ, कारागार कार्यालय रुपन्देही, जिल्ला प्रहरी कार्यालय रुपन्देहीलाई विपक्षी बनाइएको छ ।



वर्तालु महिलाः हिन्दू धर्मावलम्बीले मनाउँदै आएको (रविबार) पर्वको समापन अवसरमा आइतबार लक्ष्मीनियाँ गाउँपालिका–३ अवस्थित दूधमती नदीबाट महिला वर्तालु मन्दिर जाँदै ।
तस्बिरः निरञ्जनकुमार साह

# सार्वजनिक लेखा समितिको तेइसौँ प्रतिवेदन संसदमा पेस गरिने

**काठमाडौँ ।**
प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिले पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थलका सम्बन्धमा गठित उपसमितिले बुझाएको प्रतिवेदन अध्ययनका निम्ति सदस्यहरूलाई वितरण गरेको छ । आउँदो बैठकमा उक्त प्रतिवेदनमाथि छलफल गर्ने निर्णयसमेत गरिएको छ ।
समिति सभापति ऋषिकेश पोखरेलको अध्यक्षतामा आईतवार बसेको बैठकले भैरहवा विमानस्थलका सम्बन्धमा गठित उपसमिति संयोजक योगेश भट्टराई सो समितिमा नबस्ने घोषणापछि नयाँ संयोजक चयन गरी यथाशीघ्र प्रतिवेदन बुझाउन उपसमितिलाई निर्देशन दिने निर्णय गरेको छ ।
ती दुवै विमानस्थल निर्माणमा अनियमितता र आर्थिक अपचलन भएको भन्ने समितिमा उजुरी परेपछि अध्ययन उपसमिति गठन गरी छानबिन गरिएको थियो । त्यस क्रममा पोखराका लागि समिति सदस्य राजेन्द्र लिङदेन र भैरहवाका लागि भट्टराईलाई संयोजकको जिम्मेवारी दिइएको थियो ।
पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको जिम्मेवारीमा रही काम गरेको हुनाले उपसमितिको संयोजकबाट अलग भएर छानबिनमा सहयोग गर्नुपर्छ भनेर प्रश्न उठाइएपछि भट्टराईले संयोजकबाट अलग रहने घोषणा गरेका थिए ।
बैठकले समितिको २३औँ वार्षिक प्रतिवेदन तयार गरी यही महिनाभित्र संसदमा पेस गर्ने तथा त्यसका लागि आजसम्म उपसमितिहरूले तयार पारेका प्रतिवेदनलाई अनुमोदन गर्ने निर्णय गरेको सभापति पोखरलले जानकारी दिए ।रासस

# रोजगारीका लागि हातमा आवश्यक सिप हुनु जरुरी छः श्रममन्त्री भण्डारी



**काठमाडौं ।**
श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले रोजगारी पाउनका लागि हातमा आवश्यक सिप हुनुपर्ने बताएका छन । आइतवार काठमाडौंमा ग्रील तथा स्टील व्यवसायी महासंघको ३० औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा बोल्दै मन्त्री भण्डारीले देशभित्र रोजगार पाउनका लागि आवश्यक सिप भए रोजगारीका थुप्रै अवसरहरु उपलब्ध हुने बताएका हुन ।
उनले हातमा आवश्वयक सिप भए देश भित्र पनि रोजगारको प्रवल सम्भावना रहेको दाबी गरे । मन्त्री भण्डारीले भने, देश भित्र पनि सिपयुक्त कामदारका धेरै माग छन, तर सिप नहुँदा बाहिरबाट आएका मान्छेहरु नेपालमा काम गरी रहेका छन । तर, हाम्रा युवाहरु थोरै सेवा सुविधामा विदेशी रहेका छन ।'
देश भित्रका विभिन्न क्षेत्रमा रोजगारीको अवसरहरुको खोजी भईरहेको बताउँदै आवश्यक तालिम र सिप दिएर तिनीहरुलाई रोजगारसँग जोडनु पर्ने उनले बताए । उनले भने, 'देश भित्रका परम्परागत व्यवसायीलाई संरक्षण गर्नुपर्छ । तर, आधुनिक व्यवसायीलाई पनि अँगाल्दै बजार विस्तार गर्न अन्तराष्ट्रिय बजारमा पहुँच पुर्याउनु पर्छ । यसले मुलुकको आर्थिक समृद्धिमा पनि टेवा पुग्नेछ' मन्त्री भण्डारीले काम गरेर खानु भनेको सम्मान र इज्जतदार काम हो, बुझाउन नसक्दा युवाहरु देशभित्रै कामनगरी विदेशीएको भन्दै चिन्ता व्यक्त गरे ।
उनले भने, 'कामलाई सम्मान र आवश्यक तालिम दिएर दक्ष जनशक्ति तयार गर्न अब ढिला गर्नु हुँदैन । मिहनेत र काम गर्ने संस्कृतिको विकास गर्नु जरुरी छ ।'
उनले देशभित्रका सबै आर्थिक सूचकहरु सुधार हुँदै गएको जिकिर गर्दै अगामी दिनमा देशभित्र आन्तरिक रोजगारीको अवसरहर पनि सृजना हुने दाबी गरे । मन्त्री भण्डारीले ग्रील तथा स्टील व्यवसायी क्षेत्रलाई अझै सम्मानित क्षेत्र बनाउन आग्रह गर्दै यस क्षेत्रमा लागेका प्रत्येक व्यक्तिले टाउको उठाएर काम गर्ने व्यवसायीको रुपमा काम गर्न आग्रह गरेका छन ।
उनले देशभित्र आन्तरिक रोजगार सृजना गर्नका लागि नेपाल सरकार, श्रम मन्त्रालय सबै सरोकारवाला पक्षसँग सहकार्य गर्न तत्पर रहेको स्पष्ट पार्दै देशभित्रका रोजगारीको अवसरहरु उजागार गर्न ढिला गर्न नहुने जिकिर गरे । मन्त्री भण्डारीले आन्तरिक र वैदेशिक रोजगारीलाई ७ सय ५३ स्थानीय तहसम्म विस्तार गर्न भर्खरै लन्च गरिएको श्रमसंसार पोर्टल मार्फत रोजगारीका अवसर,सिपमुलक तालिम, कामदारको माग तथा आवश्यक सम्पूर्ण सेवाहरु एकद्वार प्रणाली मार्फत डिजिटाइसेजन सेवा सुरुवात गरिएको बताउँदै सबैलाई त्यसमा आवद्ध हुन आव्हान गरे ।

# अर्थसमितिमा बाफियामाथि छलफल



**काठमाडौँ ।**
बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन (बैङ्क एन्ड फाइनान्सियल इन्स्टिच्युसन एक्ट–बाफिया), २०७३ लाई संशोधन गर्न बनेको विधेयकमाथि प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिमा छलफल भएको छ । समितिले आईतवार यहाँ उक्त विधेयकका व्यवस्थामाथि बैङ्किङ क्षेत्रका विज्ञहरूसँग छलफल गरेको हो ।
छलफलका क्रममा पूर्वबैङ्कर परशुराम कुँवर क्षेत्रीले बैङ्क तथा वित्तीय संस्थाको सञ्चालकसम्बन्धी व्यवस्था, बैङ्कर तथा व्यवसायी छुट्याउने प्रावधान, बैङ्कका सञ्चालकको उमेरहदलगायत विषयलाई विधेयकले उपयुक्त ढङ्गले व्यवस्थापन गर्नुपर्ने बताए । यस्तै, बैङ्क तथा वित्तीय संस्थाहरूको गैरबैङ्किङ सम्पत्ति र खराब कर्जा व्यवस्थापनका लागि सम्पत्ति व्यवस्थापन (एसेट म्यानेजमेन्ट) कम्पनी खोल्नेसम्बन्धी प्रावधान बाफियामा राखिनुपर्ने सुझाव दिँदै उनले बैङ्क, वित्तीय संस्थाहरूले धितो लिलाम गरेको जग्गामा हदबन्दी लाग्न नहुने नीतिगत व्यवस्था गर्नुपर्ने आवश्यकता औँल्याए ।
नेपाल राष्ट्र बैङ्कका पूर्वकार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौलाले बैङ्कर र व्यवसायी छुट्याउने गरी विधेयकमा परेका व्यवस्थाबारे विभिन्न देशका असल अभ्यास र नेपालको सन्दर्भमा त्यसको सान्दर्भिकता खोज्नेगरी उचित प्रबन्ध गरिनुपर्ने बताए ।
उक्त ऐनलाई संशोधन गर्न बनेको विधेयक विसं २०८० चैतमा संसदमा दर्ता भएको थियो । डिजिटल मुद्रा प्रयोग तथा डिजिटल बैङ्किङलाई कानुनी मान्यता दिने, बैङ्क सञ्चालक समितिमा रहेका व्यक्तिको जिम्मेवारीमा स्पष्टता खोज्ने, आफैँ शेयर धनी रहेका बैङ्कबाट ठूलो कर्जा लिने प्रवृत्तिलाई निरुत्साहन गर्नेलगायत महत्वपूर्ण व्यवस्था विधेयकमा राखिएका छन् । यस्तै, राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा विकसित वित्तीय प्रणाली, वित्तीय औजार, वित्तीय सुरक्षा, वित्तीय जोखिमसमेतका आधारमा बैङ्क तथा वित्तीय संस्थाको प्रभावकारी व्यवस्थापन एवम् नियमनका लागि कानुनी प्रबन्ध गर्न पनि यो विधेयकले महत्वपूर्ण भूमिका खेल्ने ठानिएको छ ।
अर्थ समिति सभापति सन्तोष चालिसेले यो विधयेक बैङ्क तथा वित्तीय संस्थाहरूको नियमन र सुपरीवेक्षणसँग मात्र जोडिएको नभई मुलुकको समग्र अर्थतन्त्रसँग समेत जोडिएको बताए । 'यो विधेयकले वित्तीय क्षेत्रमा फेरबदल गर्नसक्ने हैसियत राख्दछ । यसकारण समितिले महत्वका साथ छलफल अघि बढाउनेछ', उनले भने । विधेयकमाथि प्रतिनिधिसभाका २२ जना सांसदहरूबाट विभिन्न एक सय २७ वटा संशोधन परेको पनि सभापति चालिसेले जानकारी दिए ।
प्रविधिमा आएको परिवर्तनलाई प्रयोग गर्न र विद्यमान कानुनमा उल्लिखित तीनै तहका सरकारको वित्तीय अधिकार क्षेत्र व्यवस्थित गर्नका लागि पनि नयाँ बन्ने बाफिया महत्वपूर्ण छ । यसैगरी, नेपालको समग्र बैङ्किङ तथा वित्तीय प्रणालीको विश्वसनीयता अभिवृद्धि गर्न, राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ बनाई स्थायित्व कायम गर्न र बैङ्क तथा वित्तीय संस्थाहरूको संस्थापना, सञ्चालन, व्यवस्थापन, नियमनलगायत कार्यलाई व्यवस्थित गर्नका लागि पनि विद्यमान ऐन संशोधन गर्न लागिएको जनाइएको छ ।
बाफिया विधेयकमा 'डिजिटल' मुद्रालाई परिभाषित गर्न खोजिएको छ । 'डिजिटल मुद्रा भन्नाले नेपाल राष्ट्र बैङ्कबाट जारी भएको डिजिटल मुद्रा सम्झिनुपर्छ', विधेयकमा भनिएको छ । डिजिटल मुद्राबारे हाल नेपाल राष्ट्र बैङ्कले अध्ययन गरिरहेको छ ।
यसैगरी, डिजिटल बैङ्कलाई बैङ्किङ तथा वित्तीय कारोबारको अधिकार दिनका लागि विधेयकमा नयाँ व्यवस्था राखिएको छ । 'बाफिया ऐन, अन्य प्रचलित कानुन, प्रबन्धपत्र र नियमावली तथा राष्ट्र बैङ्कले तोकेको सीमा, सर्त वा निर्देशनको अधीनमा रही डिजिटल बैङ्कले राष्ट्र बैङ्कले तोकेबमोजिमको निक्षेप लिने, कर्जा प्रवाह गर्नेसमेतका बैङ्किङ तथा वित्तीय कारोबारसमेत गर्न सक्नेछ', विधेयकमा भनिएको छ । डिजिटल बैङ्कलाई बैङ्कको परिभाषाभित्र समेटिएको छभने विद्युतीय माध्यमबाट जम्मा गरेको रकमलाई निक्षेप मान्न सकिने व्यवस्था गर्न लागिएको छ ।
बैङ्क तथा वित्तीय संस्थामा 'कार्यकारी अध्यक्ष' को परिभाषा हटाएर अध्यक्षको प्रावधान मात्रै राखिएको छ । यसैगरी, 'उल्लेख्य सामित्व' को परिभाषा पनि परिवर्तन गर्ने प्रस्ताव गरिएको छ । 'उल्लेख्य स्वामित्व भन्नाले कुनै व्यक्ति वा संस्थासँग मिली संयुक्त रुपमा कुनै बैङ्क तथा वित्तीय संस्थाको चुक्ता पुँजीको एक प्रतिशत वा सोभन्दा बढी शेयर लिएको वा शेयर स्वामित्वका कारण बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापनमा प्रभाव पार्नसक्ने अवस्था बुझ्नुपर्दछ', भनी विधेयकमा उल्लेख छ । विद्यमान बाफिया ऐनले यस्तो व्यवस्था दुई प्रतिशत मानेको छ ।
बैङ्क तथा वित्तीय संस्थाको ऋणीको परिभाषा पनि संशोधन प्रस्ताव गरिएको छ । 'ऋणी भन्नाले कर्जा लिने वा बैङ्कले जारी गरेको क्रेडिट कार्ड वा त्यस्तै प्रकृतिका अन्य उपकरण धारण गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनुपर्छ', विधेयकमा भनिएको छ । यसअघि क्रेडिट कार्ड सुविधा लिने व्यक्ति तथा कम्पनीलाई ऋणीको परिभाषाभित्र समेटिएको थिएन । विधेयकमा धितोको परिभाषामा थप गरिएको छ । 'धितो भन्नाले ऋणीले बैङ्क वा वित्तीय संस्थाबाट लिएको कर्जाको सुरक्षणबापत बैङ्कलाई उपलब्ध गराएको सम्पत्ति सम्झनुपर्दछ' भनी थप व्यवस्था राखिएको छ ।
एकभन्दा बढी वित्तीय संस्थाको सञ्चालक हुन नपाउने व्यवस्था गर्न आवश्यक रहेको भन्दै कुनै बैङ्क तथा वित्तीय संस्थामा सञ्चालक रहेको व्यक्ति पूर्वाधार विकास बैङ्कमा सञ्चालक बन्न नसक्ने व्यवस्था गर्न लागिएको छ । सञ्चालकमा महिलाको प्रतिनिधित्व सुनिश्चितताका लागि भन्दै विधेयकमा महिला शेयरधनी रहेको बैङ्क वा वित्तीय संस्थाको सञ्चालक नियुक्त गर्दा कम्तीमा एकजना महिला नियुक्त गर्नुपर्ने व्यवस्था राखिएको छ । यसैगरी, बैङ्क–वित्तीय संस्थामा कम्तीमा एकजना स्वतन्त्र सञ्चालन नियुक्त गर्न सकिने व्यवस्था विद्यमान ऐनमा रहेकामा त्यसलाई संशोधन गरी 'कम्तीमा एकजना महिलासहित दुईजना' स्वतन्त्र सञ्चालक नियुक्त गर्न सकिने प्रावधान राखिएको छ ।
बैङ्क तथा वित्तीय संस्थाका सञ्चालकको कार्यकालसम्बन्धी विद्यमान व्यवस्थामा पनि विधेयकमार्फत संशोधन गर्न लागिएको छ । विद्यमान ऐनअनुसार सञ्चालक बढीमा चार वर्षका लागि रहने र निजको पुनः नियुक्त तथा मनोनयन हुन सक्ने व्यवस्था छ । त्यसलाई संशोधन गरेर कुनै सञ्चालक आफ्नो पदावधि समाप्त भएपछि अर्को एक अवधिका लागि मात्रै सञ्चालक पदमा पुनः नियुक्त हुन सक्ने व्यवस्था कायम गर्न लागिएको छ । प्रस्तावित विधेयक संसद्बाट पारित भई लागू भएपछि २५ वर्ष उमेर नपुगेको र ७० वर्ष उमेर नाघेको व्यक्ति बैङ्क तथा वित्तीय संस्थाको सञ्चालक हुन पाउने छैनन् । विद्यमान बाफिया ऐनले सञ्चालक हुनका लागि न्यूनतम उमेर २५ वर्ष तोकेको भए पनि अधिकतम उमेरहद भने तोकेको छैन ।
विधेयकअनुसार कुनै व्यक्ति सञ्चालक हुन चाहेमा त्यस्तो बैङ्क वा वित्तीय संस्थामा ऊ र उसको परिवार सम्बद्ध कम्पनी वा संस्थाले लिएको कुल व्यावसायिक ऋण कुल चुक्ता पुँजीको एक प्रतिशतभन्दा बढी हुन सक्नेछैन । विद्यमान बाफिया ऐनमा यो व्यवस्था छैन । सम्बद्ध व्यक्ति वा निजको परिवारले व्यावसायिक ऋण लिएको सीमा यकिन गर्न आवश्यक रहेको भन्दै नयाँ ऐनमा यस्तो व्यवस्था कानुनमा राख्न लागिएको हो ।
विधेयकअनुसार बैङ्क तथा वित्तीय संस्थाको सञ्चालक समितिको बैठकलाई नियमित बनाउन हरेक महिना कम्तीमा एकपटक अनिवार्य रूपमा बैठक बस्नुपर्ने छ । सम्पत्ति शुद्धीकरण निवारणसँग सम्बन्धी कानुनलाई पनि बैङ्क तथा वित्तीय संस्थामा कडाइका साथ लागू गर्नेगरी विधेयक तयार पारिएको छ ।
एउटा बैङ्क तथा वित्तीय संस्थाले अर्को बैङ्क तथा वित्तीयको धितोपत्रमा लगानी गर्न नपाउने व्यवस्था रहेका छ । तर, सरकारले आवश्यक ठानेका कृषि, पर्यटन, ऊर्जा, पूर्वाधारजस्ता क्षेत्रमा लगानी गर्न ऋणपत्रसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउका लागि ऋणपत्रमा लगानी गर्न पाउने व्यवस्था बन्दै गरेको ऐनमा राख्न लागिएको छ ।
बैङ्क तथा वित्तीय संस्थाले आफूसँग आबद्ध व्यक्ति वा कुनै बैङ्कमा एक प्रतिशत शेयर स्वामित्व भएको व्यक्तिलाई कुनै किसिमको कर्जा दिन पाउने छैन । तर शतप्रतिशत नगद 'मार्जिन'मा जमानत जारी गर्न, इजाजत प्राप्त संस्थाको आफ्नै मुद्दति रसिद तथा नेपाल सरकार वा नेपाल राष्ट्र बैङ्कको ऋणपत्रको धितोमा सम्बद्ध व्यक्तिका रुपमा घोषणा गरी कर्जा प्रदान गर्न र घरायसी कर्जा प्रदान गर्न बाधा पु¥याएको नमानिने विधेयकमा उल्लेख छ ।
यसैगरी, कुनै पनि बैङ्क तथा वित्तीय संस्थामा एक प्रतिशत शेयर स्वामित्व भएको व्यक्ति आफू सम्बद्ध बैङ्क वा वित्तीय संस्थाको कानुन, राजस्व, लेखा वा वित्तीय व्यवस्थापन परामर्शदाता, धितो मूल्याङ्कनकर्ता वा लेखापरीक्षकको हैसियतले काम गर्न पाउनेछैन । विधेयक ऐन बनेर लागू भएसँगै सबै बैंक वित्तीय संस्थाले एक प्रतिशतभन्दा बढी शेयर स्वामित्व भएको व्यक्तिको सूची तयार गरी नेपाल राष्ट्र बैङ्कलाई बुझाउनुपर्नेछ । हरेक आर्थिक वर्ष सकिएको ३५ दिनभित्रमा यस्तो सूची राष्ट्र बैङ्कलाई बुझाइसक्नुपर्नेछ ।
बन्दै गरेको कानुनअनुसार बैङ्क तथा वित्तीय संस्थाले जुन प्रयोजनका लागि ऋणीलाई कर्जा दिएको हो सो प्रयोजनमा ऋणीले कर्जा रकम सदुपयोग गरेको छ वा छैन भन्ने सम्बन्धमा अनुगमन तालिका बनाई अर्धवार्षिक रूपमा अनिवार्य अनुगमन गर्नुपर्नेछ । यस्तो अनुगमन गर्नुपर्ने व्यवस्था विद्यमान ऐनमा राखिएको भए पनि के कति समयमा अनुगमन गर्ने भन्ने कुरा स्पष्ट खुलेको थिएन ।
यसैगरी, बैङ्क तथा वित्तीय संस्थाको लगानीमा स्थापना भएका कम्पनीको समष्टिगत निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धित निकायको समन्वयमा नेपाल राष्ट्र बैङ्कले गर्ने विधेयकमा उल्लेख छ । कुनै एक व्यक्ति, फर्म, संस्था वा कम्पनीले कुनै एक बैङ्क तथा वित्तीय संस्थाको कुल चुक्ता पुँजीको बढीमा १५ प्रतिशत मात्र लगानी गर्न सक्नेछ । त्यसैगरी, जफत गरिएको धितोपत्र बिक्री वितरणबाट प्राप्त रकम जम्मा गर्न छुट्टै संस्था तोक्न सकिने व्यवस्था पनि विधेयकमा राखिएको छ ।रासस


## गुजरा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिमराभवानीपुर, रौतहट
मधेश प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।**

प्रथम पटक प्रकाशित मिति २०८२।०१।२२

यस गुजरा नगरपालिकाबाट मिति २०८१/१२/१५ गते प्रभाव राष्टिय दैनिकमा प्रकाशित देहायको बोलपत्र आह्वानको सूचना बमोजिम विद्युतीय माध्यमबाट प्राप्त हुन आएको बोलपत्रहरुमध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ कुनै दावी विरोध भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | कार्यको विवरण | स्वीकृतिका लागि छनोट भएको बोलपत्र | न्यूनतम कबोल अंक |
|---|---|---|---|---|
| १ | GUJMUN/NCB/WORKS/04/2081-82 | Construction of Adharbhut Swasthya Sewa Kendra Bhawan Gujara Municipality Ward No.5, Rautahat. | Maa Baudhi Construction Kathariya -2-Rautahat Madhesh Pardesh, Nepal | 27,55,737.00 (Including PS Item and VAT. |



## मधेश कृषि विश्वविद्यालय
राजविराज, सप्तरी

**कृषि स्नातक (B.Sc. Ag. Hons) तहको पुनः प्रवेश परीक्षाको Online आवेदन फारम भर्ने म्याद थप सम्बन्धी सूचना**

शैक्षिक सत्र २०८१/०८२ का लागि कृषि संकायमा ४ वर्षे कृषि स्नातक तह (B. Sc. Ag. Hons) मा अध्ययन गर्न आवश्यक न्यूनतम योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट मिती २०८२/०१/२२ गतेदेखि मिती २०८२/०१/३१ गतेसम्म http://entrance.mau.edu.npमा गई Online आवेदनफारम भर्न सूचना प्रकाशन गरिएको छ ।
थप जानकारी www.mau.edu.np मा उपलब्ध छ ।

# बागवानीका लिची २८ लाख रुपैयाँमा ठेक्का



**सर्लाही ।**
उष्ण प्रदेशीय बागवानी केन्द्र नवलपुरले अहिलेसम्मकै बढी मूल्यमा लिची बिक्रीको ठेक्का लगाएको छ । बागवानी केन्द्रका अनुसार यस वर्ष उत्पादन भएको लिची बागवानीले २८ लाख २५ हजार रुपैयाँमा ठेक्का लगाएको हो ।
केन्द्रले बागवानीमा रहेको लिची बिक्रीका लागि चैत २७ गते न्यूनतम २५ लाख ५१ हजार रुपैयाँ बिक्री मूल्य राखेर सूचना प्रकाशित गरेको थियो । सूचनाअनुसार दर्ता हुन आएका निवेदनमध्ये हरिवन नगरपालिका–७ स्थित नर्वदा सप्लायर्सले या मूल्यमा लिचीको ठेक्का सकारेको हो । 'यसपटक बागवानीको लिची अहिलेसम्मकै बढी मूल्यमा बिक्री गरेर राजस्व हासिल गर्न सफल भएका छौँ,' केन्द्रका प्रमुख रामकुमार यादवले भने, 'पछिल्ला वर्षमा बागवानीको उत्पादनसँगै राजस्व पनि बढेको छ ।'
बागवानी र ठेक्का प्रक्रिया दुवै व्यवस्थित हुँदा राजस्व बढेको उनको भनाइ छ । केन्द्रको ८.५ हेक्टर क्षेत्रफलमा छ सय २१ बोट लिचीखेती गरिएको छ । गत वर्ष २७ लाख १५ हजार रुपैयाँमा ठेक्का लागेको लिची, उत्पादन बढ्दा यस वर्ष ठेक्का मूल्य पनि बढेको उनले बताए । बागवानीमा नौवटा जातका लिची उत्पादन हुँदै आएका छन् ।
यस्तै यहाँ उत्पादन भएको आँप ठेक्काका लागि केन्द्रले यही वैशाख १६ गते सूचना प्रकाशित गरेको छ । न्यूनतम बिक्री मूल्य ७१ लाख ११ हजार रुपैयाँ कायम गरेर सूचना प्रकाशन गरिएको केन्द्रका प्रमुख यादवले जानकारी दिए । आँपको ठेक्का यही वैशाख ३१ गते खोलिने छ ।
करिब एक सय बिघामा गरिएको आँपखेतीमा छ हजार रुख छन् । त्यसमध्ये बर्सेनि तीन हजार ५ सय बढी रूखले फल दिने गरेको छ । यहाँको आँप गत वर्ष २१ लाख रुपैयाँमा ठेक्का लागेको थियो । बागवानी केन्द्रमा मालदह, दशहरी, बम्बै, आम्रपाली, मल्लिका, निलमलगायत जातको आँप उत्पादन हुने गरेको केन्द्रका प्रमुख यादवले बताए । ठेकेदार समूहले यहाँ उत्पादन भएको लिची, आँपलगायत फलफूल काठमाडौँ, हेटौँडा, चितवनसहित देशका मुख्य शहरसम्म लैजाने गरेका छन् ।



**परीक्षामा परीक्षार्थीः** धनुषाको क्षिरेश्वरनाथ नगरपालिका–२ स्थित माध्यमिक विद्यालय कुम्हरौल रमदैया भवाडीमा पहिलो दिन सञ्चालन भइरहेको परीक्षा केन्द्रमा कक्षा १२ को परीक्षा दिँदै परीक्षार्थी । तस्बिरः अमरेन्द्रकुमार यादव–रासस

# नयाँ शिक्षकको आगमनले सकारात्मक प्रभाव पार्ने विश्वास




**आरके श्रीवास्तव**
**रौतहट ।**
फतुवा बिजयपुर नगरपालिका–२ मा अवस्थित माध्यमिक विद्यालय शीतलपुरमा शिक्षक सेवा आयोगमार्फत नाम निकालेर आएका दुई नयाँ शिक्षकले पदभार सम्हालेका छन् । विद्यालयमा नयाँ शिक्षकको उपस्थितिलाई स्वागत गर्दै वडा अध्यक्ष अनिरूद्ध प्रसाद यादव उर्फ संजयले स्वयम् उनीहरूलाई विद्यालयमा हाजिर गराए ।
शिक्षक सेवा आयोगबाट नाम सिफारिस भएका यी शिक्षक औपचारिक प्रक्रियाअनुसार विद्यालयमा कार्यभार सम्हाल्न पुगेका हुन् । आइतबारदेखि उनीहरूले आआफ्नो कक्षा पनि लिएका छन् । वडाअध्यक्ष यादवले विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिमा नयाँ शिक्षकको आगमनले सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरे । विद्यालय व्यवस्थापन समिति तथा स्थानीय अभिभावकले पनि नयाँ शिक्षकको स्वागत गर्दै आगामी दिनमा विद्यालयको शैक्षिक सुधारमा योगदान दिन अनुरोध गरेका छन् ।
अंग्रेजी शिक्षिका सबिता हुमागाई र विज्ञान शिक्षब उतिलाल साह विद्यालयमा आएपछि विद्यार्थी तथा अभिभावकमा उत्साह देखिएको छ । पढाइमा सुधार हुने अपेक्षा गरिएको छ । ग्रामीण क्षेत्रका विद्यालयमा राम्रा शिक्षक आउनै मान्दैनन् । तर वडा अध्यक्ष यादवले अथक प्रयास गरेपछि उनीहरू हाजिर भएका हुन् । उनी निर्वाचित भएदेखि नै शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरिरहेका छन् । सामुदायिक विद्यालयको अवस्था सुधार गर्न उनी कम्मर कसेर लागेका छन् ।

# २५ लाखको लागतमा फुटबल ग्राउन्डमा स्तरोन्नति



**मधेशदृष्टि**
**रौतहट ।**
गुजरा नगरपालिका–३ जङ्गलसहिया पशुपतिटोलमा २५ लाख रुपैयाँको लागतमा फुटबल ग्राउन्डको स्तरोन्नतिको काम शुरु भएको छ ।
नेकपा एमालेका युवा नेता हरिबंश मैनालीको विशेष पहलमा मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालयद्वारा प्राप्त २५ लाख रुपैयाँको लागतमा फुटबल ग्राउन्ड स्तरउन्नतिको काम शुरु भएको हो । कार्यक्रममा एमालेका नेता तथा मधेश प्रदेशका पूर्व राज्यमन्त्री नागेन्द्र यादव, युवा नेता हरिवंश मैनाली, गुजराका मेयरका प्रत्याशी एकरामुल हक, एमाले क्षेत्र ३ का क्षेत्रीय संयोजक युवराज ज्ञवाली, मदन भन्डारी फाउन्डेसनका जिल्ला उपाध्यक्ष शेख जमालुदिन, एमाले पार्टी नगर अध्यक्ष जयराम चौधरी, सचिव रामबाबु चौधरी, वडा नम्बर ४ का अध्यक्ष झमक प्रसाद (कुमार) चौलागाईं, युवा नेता निराजन पुरी बिक्रम अस्तानीलगायतको उपस्थिति थियो ।गुजरा नगरपालिका थारु र पहाडे बाहुल्य क्षेत्र रहेकाले युवामाझ फुटबल खेल निकै नै लोकप्रिय रहेको छ ।

# ३५ विद्यार्थीलाई कम्प्युटर तालिम

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर ३१ सोलखपुरमा ३५ दिने कम्प्युटर तालिम भएको छ । वडा कार्यालय र नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय सोलखपुरको संयुक्त आयोजनामा कम्प्युटर तालिम भएको हो ।
वडा कार्यालयको आर्थिक सहयोगमा कक्षा ११ र १२ का ३५ छात्रछात्रालाई प्रदान गरिएको तालिम वडाअध्यक्ष जितेन्द्र प्रसाद यादवको प्रमुख आतिथ्यमा भएको हो । समापनमा अध्यक्ष यादवले प्राविधिक तालिम युवालाई आत्मनिर्भर र दक्ष बनाउने महत्वपूर्ण माध्यम भएको बताए । आगामी दिनमा कम्प्युटर ल्याब स्थापना र अन्य तालिमका लागि निरन्तर सहयोग गर्ने उनले प्रतिबद्धता जनाए । उनले कम्प्युटर तालिम युगको आवश्यकता भएको बताउँदै यसले विद्यार्थीको व्यक्तिगत तथा व्यावसायिक जीवनमा सकारात्मक प्रभाव पार्ने बताए ।
विद्यालयका प्रधानाध्यापक राजु मालीले तालिमबाट प्राप्त सीपलाई व्यवहारिक जीवनमा उपयोग गर्न विद्यार्थीहरूलाई प्रेरित गरे । साथै, विद्यालयमा अनिवार्य कम्प्युटर विषय राखेर स्थायी ल्याब स्थापना गर्न वडाअध्यक्ष यादवलाई आग्रह समेत गरे । तालिममा मधेश स्किल तालिम इन्स्टिच्युटका प्रशिक्षक धिरज शाह र सन्तोष चौधरीले प्रशिक्षण दिएका थिए ।

# वैशाख २३ र २८ गते सार्वजनिक बिदा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश सरकारले यो महिनामा दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ । प्रदेश सरकारले आइतबार विज्ञप्ति जारी गर्दै यो महिना दुई दिन सार्वजनिक बिदा दिइएको जानकारी गराएको छ । गृह सञ्चार तथा कानून मन्त्रालयले आइतबार जारी गरेको सूचनामा वैशाख २३ र २८ गते प्रदेशमा सार्वजजिक बिदा दिइएको बताएको छ ।
प्रदेश सरकारद्वारा जारी सूचनामा २०८१ सालको चैत २२ गते प्रकाशित २०८२ सालमा दिइने थप बिदासम्बन्धी सूचना सम्बन्धमा २३ गते जानकी नवमी र २८ गते कबिर दासको जयन्तीको अवसरमा प्रदेशमा सार्वजकि बिदा दिने निर्णय भएको उल्लेख छ । गृह मन्त्रालयका उपसचिव गणेश नायकको हस्ताक्षरमा जारी गरिएको विज्ञप्तिमा दुईदिने बिदाबारे जानकारी गराइएको छ ।

# मेडिकलबाटै लागुऔषध बिक्रीवितरण गर्ने पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
चन्द्रपुर नगरपालिका–१० चेतनगरबाट आइतबार प्रहरीले लागुऔषधसहित एक जनालाई पक्राउ गरेको छ ।
मौलापुर नगरपालिका घर भई हाल चेतनगर बजारस्थित मेडिकल पसल खोली बसेका २९ वर्षीय जितेन्द्र साहलाई लागुऔषधसहित प्रहरीले पक्राउ गरेको हो । साहले मेडिकलमा राखेर खुलेआम प्रतिबन्धित लागूऔषध बिक्री गर्दै आएका थिए ।
इलाका प्रहरी कार्याय चन्द्रनिगाहपुरले यसको जानकारी पाएपछि सुराकी गरेको थियो । त्यसपछि सादा पोशाकका प्रहरीले दिउँसो साहको मेडिकल पसलबाट प्रतिबन्धित लागुऔषध ट्रामाडोल ४ हजार ५ सय पिस बरामद गरेको थियो । सामानसहित तत्कालै उनलाई पक्राउ गरेको इलाका प्रहरी चन्द्रनिगाहपुरले जानकारी दिएको छ । साहले बागमती, चन्द्रनिगाहपुरलगायतका बजारका युवालाई लागुऔषध बिक्री गर्दै आएको खुलेको छ ।

# कारको ठक्करबाट बाबुछोरीकै मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**
चन्द्रपुर नगरपालिका–४ स्थित पूर्व–पश्चिम राजमार्गको पश्चिम लच्का नजिक आइतबार कारले मोटरसाइकललाई ठक्कर दिँदा बाबुछोरीको मृत्यु भएको छ । घटनापछि प्रहरीले कार चालकलाई नियन्त्रणमा लिएको छ । दुर्घटनामा गरुडा नगरपालिका–३ मलाहीटोलका ६० वर्षीय बलिराम सहनी र उनकी ४० वर्षीया छोरी उर्मिलादेवी सहनीको मृत्यु भएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जानकारी दिएको छ ।
घरबाट निजगढ आइरहेको अवस्थामा सहनीले चलाएको ना३प ९५१२ नम्बरको मोटरसाइकललाई हेटौँडाबाट चन्द्रनिगाहपुर जाँदै गरेको बा६च ३५२६ नम्बरको कारले लच्का नजिक बिहान ठक्कर दिएको थियो ।
दुर्घटनामा सख्त घाइते दुवैको उपचारक्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । बलिरामको हाइवे ट्रमा सेन्टर अस्पतालमा उपचारका क्रममा मृत्यु भएको डिएसपी राजकुमार राईले बताए ।
ठक्कर दिने कार र चालक हेटौँडा उपमहानगरपालिका–१२ का कुमार पोखे्रललाई नियन्त्रणमा लिइएको डिएसपी राईले बताए ।
उर्मिला देवीलाई थप उपचारका लागि एलएस न्युरो अस्पताल बारा पठाइएकामा उपचारक्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । मृतक बाबुछोरीको शव पोष्टमार्टमका लागि अस्पतालमा राखिएको छ ।

# सीप सिकाएर महिलालाई आत्मनिर्भर बनाउने प्रयास




**मधेशदृष्टि**
**राजविराज ।**
एउटा सामाजिक संस्थाले गरिब तथा विपन्न महिलालाई सीपमूलक तालिम दिएर आत्मनिर्भर बनाउने प्रयास गरेको छ । नेपाल–भारत मैत्री संघ सप्तरीले तीनमहिने लामो निःशुल्क सिलाइ कटाइ तालिम दिएर गरिब तथा विपन्न महिलालाई आत्मनिर्भर बनाउने प्रयास गरेको हो ।
२०८१ माघ १३ गतेदेखि संघद्वारा शुरु गरिएको तीनमहिने निःशुल्क सिलाइ कटाइ तालिम आइतबार सम्पन्न भएपछि आयोजित प्रमाणपत्र वितरण कार्यक्रममा प्रमाणपत्र ग्रहण गर्दै प्रशिक्षार्थी विभा यादवले भनिन्, 'सीप सिकेर आपूmमा आत्मबल बढेको छ ।' अर्का प्रशिक्षार्थी अमरिका रायले अब गाउँमा गएर अरु दिदीबहिनीलाई पनि आपूmले सिकेका सीप सिकाउनुका साथै घरमै कपडा सिउने पसल खोल्ने बताइन् । प्रशिक्षार्थी कुसुम ठाकुरले तीनमहिने लामो तालिममा कुर्ता, सलवार, स्कुलको ड्रेस, कटिङ, हेविङलगायतका सिलाइ सीप सिकेको भन्दै घरमै पसल थापेर बस्ने योजना बनाएको सुनाइन् । प्रशिक्षार्थी काजल कुमारीले तालिममा प्राप्त ज्ञानलाई फुर्सदको समयमा सदुपयोग गर्ने र घरमै बसेर व्यवसाय सञ्चालन गरी आयआर्जन गर्ने अवसर र हौसला मिलेको सुनाइन् । ९० दिनसम्म चलेको तालिममा नगर र आसपास क्षेत्रका २० महिलाले तालिम प्राप्त गरेको प्रशिक्षिका प्रमिला यादवले जानकारी दिइन् ।
नेपाल–भारत मैत्री संघ सप्तरीका अध्यक्ष मनोज मुन्धडाको अध्यक्षतामा आयोजित प्रमाणपत्र वितरण तथा समापन समाहरोमा संघका उदयपुर जिल्ला अध्यक्ष करुणा झा, उपाध्यक्ष ओम प्रकाश साह, महासचिव सत्यवान कुमार सिंह, नेपाल पत्रकार महासंघका राष्ट्रिय परिषद सदस्य मनोज कुमार माझी, नेपाली कांग्रेस मधेश प्रदेश समितिका सहमहामन्त्री विन्दु कुमारी यादवलगायतले शुभकामना दिँदै गरिब विपन्न महिलाको आत्मबल बढाउन तथा सीप सिकाएर उनीहरुलाई आयआर्जनको श्रोत जुटाउन संघले गरेको प्रयास सराहायनीय कार्य भएको बताए ।
तालिममा सहभागी भएकाका लागी सिलाइ मेसिन खरिद र प्रशिक्षिकाको पारिश्रमिकलगायतका कार्यमा भएको खर्च समाजेवी शैलेन्द्र मोहन झा, नेपाल–भारत मैत्री संघ सप्तरी शाखाका अध्यक्ष मनोज मुन्धडा र साहित्यकर्मी समेत रहेकी नेपाल–भारत मैत्री संघ उदयपुरकी अध्यक्ष करुणा झाले मिलेर निजी लगानी गरेर व्यवस्थापन गरेको तालिम आयोजक संस्थाले जनाएको छ ।

## सम्पादकीय

# केआइआइटीमा नेपाली विद्यार्थी मृत्यु प्रकरण

*भारतको उडिसास्थित कलिङ्गा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलजी(केआइआइटी) मा लगातार नेपाली विद्यार्थीको मृत्यु प्रकरण दोहारिन थालेपछि यसको बहस राष्ट्रियसभामा समेत हुन थालेको छ । आइतबारको राष्ट्रियसभाकाको बैठकमा सदस्यहरुले केआइआइटीमा विद्यार्थी पठाउन नै बन्द गर्नुपर्ने तर्क गरेका छन् । उनीहरुले त्यहाँ जान चाहने विद्यार्थीलाई 'नो अब्जेक्सन लेटर (एनओसी)' दिन नहुनेसम्मको आवाज उठाएका छन् । राष्ट्रियसभाको बैठकको आकस्मिक समयमा सदस्यहरुले केआइआइटीमा विद्यार्थी असुरक्षित भएको, एकपछि अर्को छात्राको श्रृंखलाबद्ध मृत्युले विद्यार्थीको सुरक्षाको प्रत्याभूति नभएको भन्दै एनओसी रोक्न सरकारको ध्यानाकर्षण गराएका हुन् । राष्ट्रिय जनमोर्चाका सांसद तुलप्रसाद विश्वकर्माले सरकारले यस कलेजका लागि एनओसी दिने प्रक्रिया रोक्नुपर्ने बताए । नेपाल कम्युनिष्ट पार्टी(एकीकृत समाजवादी)का सांसद मदनकुमारी साहले केआइआइटीका लागि एनओसी रोक्न माग गर्दै अभिभावकलाई पनि सचेत हुन आग्रह गरिन् ।*

*आकस्मिक समयमा जनता समाजवादी पार्टी नेपालका मोहम्मद खालिद, लोकतान्त्रिक समाजवादी पार्टी नेपालका शेखरकुमार सिंह र नेपाली कांग्रेसका कृष्णबहादुर रोकायले केआइआइटीमा नेपाली विद्यार्थीको मृत्युबारे छानबिन गरी दोषीलाई कारबाही गर्न सरकारले निरन्तर पहल गर्नुपर्ने माग गरे ।*

*यसरी केआइआइटीमा नेपाली विद्यार्थीको मृत्यु प्रकरण राष्ट्रियसभामा पनि मुद्दा बनिरहेको हो । घटनाको छानबिन र दोषीमाथि कारबाहीको माग गर्नेहरुमा अन्य सदस्यहरु पनि थिए । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का गङ्गाकुमारी बेल्वासे र नेपाल कम्युनिष्ट पार्टी(एमाले)का सुमित्रा बिसी पनि केआइआइटीमा विद्यार्थी मृत्यु प्रकरणका प्रश्नकर्ता थिए । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले भारतको उडिसा राज्यस्थित भुवनेश्वरको केआइआइटीमा एकै प्रकृतिको घटना दोहोरिएकाले त्यसबारे सत्य, तथ्य छानबिन गर्ने वातावरण बनाउन सरकारको ध्यानाकर्षण पनि गराए । राष्ट्रियसभाको आइतबारको बैठकको आकस्मिक र शून्य समयमा सांसदहरुले केआइआइटी कलेजमा अध्ययानरत छात्रा प्रिन्सा साहको रहस्यमय निधन भएको उल्लेख गर्दै छानबिन गर्न माग गरेपछि अध्यक्षले सरकारको ध्यानाकर्षण गराएका हुन् । सभाअध्यक्ष दाहालले सत्य, तथ्य छानबिन गर्न सरकारको ध्यानाकर्षण गराए । केही महिनाअघि रुपन्देहीकी प्रकृति लम्सालको मानसिक तनाव सहन नसकेर आत्महत्या गर्नु पर्ने अवस्था आएको घटना बाहिर आएको थियो । लम्सालको मृत्यु प्रकरणमा आरोपी समातिएका पनि थिए । उनलाई के कारबाही भयो, यसबारे नेपाली मिडिया पनि चासो राख्दैन । लगत्तै यो हप्ता मात्रै सर्लाही घर भएकी र पर्साको वीरगंजमा बसोबास गर्ने प्रिसा साह केआइआइटीमा झुण्डिएको भिडियो सार्वजनिक भएपछि केआइआइटीमा विद्यार्थी पढाउने नेपाली अभिभावकको मात्र होइन, राज्यकै ध्यानाकर्षण भएको हो ।*

# भारतमा बक्फ कानूनको चर्चा



**श्रीमन नारायण**

भारतको राजनीतिमा विगत केही सयम यतादेखि वक्फको विषयले निकै चर्चा पाएको छ । भारत सरकारले देशमा नयाँ वक्फ कानून लागू गर्ने योजना गरेपछि त्यहाँको सबैभन्दा ठूलो अल्पसंख्यक मुसलमान समुदायले यसलाई आफ्नो धर्ममा हस्तक्षेपको संज्ञा दिएका छन् जबकि सरकारले भने यसलाई गरिब, निमुखा, पिछडिएका र कमजोर वर्गका मुसलमानहरुको जीवनस्तरमा सुधार ल्याउने महत्वपूर्ण माध्यम सावित हुने विश्वास मुसलमानहरुलाई दिलाउन चाहन्छ । भारतीय संसदको दुवै सदन (लोकसभा र राज्यसभा) बाट यो विधेयक पारित भइसकेको छ । भारतका राष्ट्रपतिसमेतले यसमा आफ्नो समर्थन र स्वीकृति जनाइसकेपछि अब यो कानूनको रुप ग्रहण गरिसकेको छ । भारतका विपक्षी राजनीतिक दलहरु र कतिपय मुस्लिम संगठनहरु समेतले त्यहाँको सर्वोच्च अदालतमा केस गरेपछि सर्वोच्च अदालतले नयाँ वक्फ कानूनमाथि रोक लगाएको छैन तर विपक्षी दलहरुको जिज्ञासालाई शान्त गर्न भारतको सर्वोच्च अदालतले केही स्पष्टता खोजेको छ ।

'वक्फ' एउटा अरबी शब्दहो । यसको अर्थ हुन्छ खुदा अथवा अल्लाहको नाममा प्रदान गरिने वस्तु अथवा सम्पत्ति । परोपकारको उद्देश्यले यसमा दान गरिन्छ । कुनै पनि मुस्लिम आफ्नो चल र अचल सम्पत्ति वक्फ गर्न सक्दछन् यदि एकपटक कुनै सम्पत्तिलाई 'वक्फ' दान गरिसकिएको छ भने त्यसलाई पछि गैरवक्फ घोषित गर्न सकिँदैन ।

सन् १९५४ मा पहिलो पटक भारतमा वक्फ अधिनिममा १९५४ वक्फ बोर्डको गठन गरिएको थियो । यसको उद्देश्य वक्फको कामकाजलाई सरल बनाउनु थियो । सन् १९५५ मा यसमा पहिलो संशोधन गरियो ।

सन् १९५५ मा नयाँ वक्फ कानूनको निर्माण भएपछि प्रादेशिक वक्फ बोर्डको गठन गरियो र राज्यलाई पनि अधिकार दिइयो । सन् २०१३ मा यसमा एउटा नयाँ संशोधन गरियो र सेक्सन ४० जोडियो । हालसम्म वक्फ बोर्डमा अध्यक्षबाहेक प्रदेश सरकारका सदस्य, मुस्लिम सांसद, विधायक, बार काउन्सिलका सदस्य, इस्लामी विद्वान र वक्फका मुतलवल्ली हुने गर्दथे । वक्फ सम्पत्तिको प्रबन्धन वक्फ बोर्डले गर्दै आएको छ । भारतमा कुल ३२ वटा वक्फ बोर्डहरु छन् प्रत्येक प्रदेशमा एउटा वक्फ बोर्ड हुने गर्दछ । उत्तर प्रदेश र विहारमा दुईवटा सिया वक्फ बोर्ड पनि रहेका छन् । वक्फ बोर्ड एउटा कानूनी एकाई पनि हो । यो सम्पत्तिलाई अर्जित गर्ने र प्रबन्धनको काम हेर्छ ।

वक्फ सम्पत्तिलाई न त बिक्री गर्न सकिन्छ न त भाडामा नै दिन सकिन्छ । देशमा वक्फ सम्पत्तिको प्रशासन वक्फ अधिविषय १९९५ अन्तर्गत गरिएको छ । यस अन्तर्गत तीन वटा प्रशासनिक निकाय हुने गर्दछन् । केन्द्रीय वक्फ परिषद्, यो परिषद् सरकार र राज्य वक्फ बोर्डलाई नीतिगत सल्लाह दिने गर्दछ तर वक्फ सम्पत्तिलाई सोझै नियन्त्रित गर्न सक्दैन ।

प्रत्येक प्रदेशमा एउटा वक्फ बोर्ड रहेको छ । प्रत्येक प्रदेशमा वक्फको सम्पत्तिको प्रवद्र्धन र सुरक्षाको काम यसले गर्दछ । वक्फ न्यायाधीकरण एउटा विशेष न्यायिक निकाय हो त्यो वक्फ सम्पत्तिहरुसित सम्बन्धित विवादबारे सुनुवाई गर्दछ । भनिन्छ भारतमा सबैभन्दा बढी जग्गा भारतीय रेलवे र सशस्त्र बलहरुसित रहेको छ जबकि तेस्रो नम्बरमा वफ बोर्डकै नाम आउँछ, जोसित अनुमानित १.२ लाख करोड रुपैयाँको सम्पत्ति रहेको छ । सन् २००९ मा वक्फ बोर्डसित कुल ४ लाख एकड जग्गा थियो जबकि गएको १५ वर्षमा यो दोब्बर हुनगएको छ ।

वक्फ अधिनियममा सरकारले संशोधन गर्न खोज्नुको मूल कारण वक्फ बोर्डको कामकाजलाई समेत सुव्यवस्थित र वक्फ सम्पत्तिहरुको कुशल प्रबन्धनलाई सुनिश्चित गर्नु हो । वक्फ संशोधन विधेयक २०२४ को उद्देश्य वक्फ अधिनियम १९९५ मा संशोधन गर्नु हो । यसले गर्दा वक्फ सम्पत्तिहरुको रेगुलेसन र प्रबन्धन गर्नमा सरलता हुनेछ । त्यसबाहेक पुरानो अधिनियममा रहेको कमीकमजोरीलाई हटाउनु, अधिनियमको नाम फेरेर वक्फ बोर्डको कार्यकुशलतालाई अपेक्षाकृत राम्रो बनाउनु, वक्फको परिभाषालाई अद्यावधिक गर्नु, दर्ता प्रक्रियामा सुधार गर्नु र वक्फ रेकर्डको प्रबन्धकमा प्रविधिको उपयोग गर्नु हो ।

अहिले देखिएको समस्याहरुमा वक्फ भूमिमाथि अवैध कब्जा, कुप्रबन्धन र स्वामित्व विवाद, सम्पत्ति दर्ता र सर्भेक्षणमा विलम्ब, ठूलो मात्रामा मुद्दा र मन्त्रालयहरुमा गुनासो आएको हालसम्म वक्फ न्यायाधिकरणको निर्णयलाई उच्च अदालतमा चुनौति दिन सकिँदैनथ्यो । सर्वोच्चको फैसला आउनु दशकौँ लाग्छ । यसले गर्दा वक्फ प्रबन्धनमा पारदर्शिता र जवाफदेही निर्धारण हुँदैनथ्यो । केही प्रादेशिक वम्फबोर्डहरु आफ्नो शक्तिको दुरुपयोग गर्दथे । यसले गर्दा साम्प्रदायिक तनाव उत्पन्न हुने गर्दथ्यो । वक्फ अधिनियमको धारा ४० को सर्वाधिक दुरुपयोग भयो । यस अन्तर्गत निजी सम्पत्तिहरुलाई वक्फ घोषित गरियो ।

वक्फ अधिनियम केबल एउटै धर्ममा लागू हुन्छ, कुनै अन्य धर्महरुको लागि यस्तो कुनै कानून किन छैन ? दिल्ली उच्च न्यायालयमा दाखिला एक जनहित माथिकामा वक्फ बोर्डको संवैधानिक वैधतामाथि नै प्रश्नचिन्ह उठाइएको छ । सेप्टेम्बर २०२४ सम्म २५ राज्य र केन्द्र शासित प्रदेशहरुका वक्फ बोर्डको आँकडा बमोजिम ५९७३ सरकारी सम्पत्तिलाई वक्फ घोषित गरिएको छ । भारतको आवास र सहरी मामिला मन्त्रालयका अनुसार यीमध्ये वक्फ सम्पत्तिहरु त भूमि र विकास कार्यालयको नियन्त्रणमा छन् । १ सय ३० सम्पत्तिहरु दिल्ली विकास प्राधिकरणको नियन्त्रणमा छ । सार्वजनिक डोमेनमा १२३ सम्पत्ति जसरी वक्फ सम्पत्ति घोषित गरिएको छ । सेप्टेम्बर २०२२ मा तमिलनाडू वक्फ बोर्डले त्यहाँको एउटा हिन्दू बाहुल्य गाउँतिरु चेनदरई गाउँमाथि नै आफ्नो दाबी गऱ्यो । तमिलनाडुको गाउँमा रहेको १६ सय वर्ष पुरानो मन्दिरलाई पनि वक्फ सम्पत्ति घोषित गरियो । जबकि इस्लाम धर्म अस्तित्वमा आएकै १४ सय वर्ष भएको छ । पंजाब वक्फ बोर्डले परिमालामा शिक्षा विभागकै जग्गामा आफ्नो दाबी गरेको छ । तमिलनाडूको थिरु मन्थुरई गाउँमाथि वक्फ बोर्डले आफ्नो सम्पत्ति भएको दाबी गरेपछि त्यहाँका एकजना किसानले आफ्नो छोरीको बिहे गर्न जग्गाबिक्री गर्न सकेनन् । अगष्ट २०२४ मा बिहारको गोविन्दपुर गाउँमाथि सुन्नि वक्फ बोर्डले आफ्नो दाबी गऱ्यो । त्यहाँका सात परिवार सुकुम्बासी बन्ने अवस्था आएपछि उनीहरु न्यायका लागि पटना हाईकोर्ट पुगेका छन् । केरलको ऐनाकुलमा जिल्लामा लगभग ६०० इसाई परिवारले आफ्नो पुरव्यौली जग्गामाथि वक्फ बोर्डले दाबी गरेको भन्दै विरोधमा उत्रेका छन् । उनले संयुक्त संसदीय समितिसित पनि यसबारे जाँचका लागि आग्रह गरेका छन् । कर्नाटकको विजयपुरमा राज्य वक्फ बोर्डले १५ हजार एकड जग्गालाई 'वक्फ' घोषित गरेको हो त्यहाँका किसानहरु यसको विरोध गर्ने भएका छन् । वेट द्वारकाको द्वीपमाथि पनि वक्फले कब्जा गरेको छ । अदालतले पनि यसलाई विवादास्पद भनेको छ । एकपटक वक्फ घोषित भइसकेको सम्पैित्त सधैँका लागि वक्फ भने प्रावधानले समस्या निम्त्याएको छ । यसको विरुद्धमा हाईकोर्टसम्म केस गरे न्याय पाउन सकिँदैन । वक्फ ट्रिब्यूनलले पीडितको पक्षमा न्याय दिने कुरै भएन ।

वक्फ अधिनियष्मको सेक्सन ४० अन्तर्गत बोर्डलाई 'रिजन र विलिम' को शक्ति प्रदान गरेको छ । यस अन्तर्गत यही वक्फ बोर्डले कुनै सम्पत्तिलाई आफ्नो सम्पत्ति ठानेको छ भने त्यसको छानबिन पनि उसैले गर्ने र वक्फ भएको दाबी पनि गर्न सक्नेछ । यसमा आपत्ति जनाउनेले वक्फ ट्रिब्मुनलमा आफ्नो दाबी गर्न पाउनेछ तर यसको निर्णय वक्फको ट्रिब्युनलले नै गर्नेछ । अब नयाँ कानूनमा यस प्रावधानलाई हटाइएको छ । वक्फबाई मुजर्सको प्रावधान सबैभन्दा बढी खतरनाक रहेको छ । जसमा कुनै पनि ठाउँमा केही समयका लागि आठ दशजना मुसलमानहरुले नमाज पढेका रहेछन् भने त्यस ठाउँलाई उनीहरु आफ्नो सम्पत्ति ठानी वक्फ बोर्डमा दान गर्न सक्छन् ।

वक्फ बोर्ड युजर्सको प्रावधान अन्तर्गत नै जथाभाबी जो सुकैको जग्गालाई पनि वक्फको जग्गा दाबी गरिने काम भइरहेको छ । भारतका र विश्वकै महान् उद्योगपति मुकेश अम्बानीको घरदेखि लिएर भारतको संसद भवनलाई पनि वक्फ सम्पत्तिको रुपमा दाबी गरिन्छ । नेपालमा पनि केही मुस्लिम अगुवाहरु आफ्नो निम्ति पर्सनल ल बोर्डको माग गरिरहेका छन् । केही वर्षअघि जनकपुरधामको बारह बिगाहा मैदानमा आफ्नो पनि हक दाबी गरेको भन्दै केही मुसलमान संगठनद्वारा स्थानीय प्रशासनमा एउटा निवेदन दर्ता भएको थियो । एकातिर देशलाई धर्मनिरपेक्ष घोषित गर्ने अर्कोतिर एउटा धर्म विशेषको लागि विशेष अवसर दिनुले समस्या नै निम्त्याउने हो ।

# घोषणामै सीमित सार्वजनिक सवारीमा 'जिपिएस प्रणाली'



**दीपक आचार्य**

प्रविधिको तीव्रतर विकाससँगै देश आधुनिक युगतर्फ अघि बढेको छ । मानिसहरूले नयाँनयाँ प्रविधिको खोजी गर्दै छन् । प्राविधिक क्षेत्रमा भइरहेका नयाँ आविष्कारहरूले दैनिक जीवनलाई अझ सरल र सहज बनाउँदैछ ।

प्रविधिको क्षेत्रले ठूलो प्रगति गरेको छ र विभिन्न नवीनतम् उपकरण र प्रविधिको प्रयोग बढ्दो क्रममा छ । यस्ता नयाँ प्रविधिले उद्योग, शिक्षा, स्वास्थ्य र यातायातजस्ता क्षेत्रमा सकारात्मक असर गर्दै आएको छ । नयाँ प्रविधिको प्रयोग गरी नेपाल सरकारले दुई दशकअघि नै सार्वजनिक यातायातका साधनमा जिपिएस प्रणाली लागू गर्ने बताएको थियो । जसले गर्दा सवारीसाधनको वास्तविक 'लोकेसन' पत्ता लाग्न मद्दत पुग्छ ।

जिपिएस प्रणाली जोडिएका आधुनिक बसले यातायातको सुरक्षा, समय व्यवस्थापन र यात्रुको सुविधा सुनिश्चित गर्ने काम गर्छन् । जिपिएस प्रणालीको विकास संयुक्त राज्य अमेरिकाको रक्षा विभागले गरेको थियो । २७ अप्रिल, १९९५ देखि यो प्रणाली पूर्ण रूपमा लागू भएको थियो । जिपिएस प्रणालीको प्रयोगले बसमा यात्रा गर्दा यात्रुहरूको समय, सुरक्षा र सुविधा सबैमा सुधार ल्याउँछ । त्यतिमात्र होइन, जिपिएस लागू भएको बसमा यात्रा गर्दा जहाँ पायो त्यहीँ बस रोक्ने परिपाटीको अन्त्य हुनुका साथै निर्धारित बस रोक्ने स्थान(स्टप)मा यात्रुले सवारीसाधन आगमनको यथार्थ विवरण थाहा पाउन सक्छन्, जसले गर्दा धेरै समय बस कुर्नुपर्ने बाध्यताको पनि अन्त्य हुन्छ ।

कुनै बस आपतकालीन अवस्थामा छ भने पनि जिपिएसका माध्यमबाट त्यहाँका सुरक्षा एजेन्सीलाई तुरुन्त सूचना पठाउन सकिन्छ । जसले तत्काल मद्दत पुऱ्याउन सम्भव बनाउने र जिपिएस प्रणालीले बसको गति ट्र्याक गरेर अत्यधिक गतिमा चलाएको अवस्थामा चालकलाई चेतावनी दिने भएकाले जिपिएस हरेक बसमा जडान हुनैपर्ने जानकारहरू बताउँछन् । तर, दुई दशकअघिबाटै चर्चा चलेको जिपिएस प्रणाली लागू गर्ने विषय अहिलेसम्म पनि चर्चामै मात्र सीमित छ ।

यातायात व्यवसायीहरूले पनि सार्वजनिक यातायातका साधनमा जिपिएस प्रविधि जडानको व्यवस्था गरिदिन यातायात व्यवस्था विभागसमक्ष बारम्बार आग्रह गरिरहेका छन् । तर, अझै पनि यो विषयले मूर्त रूप पाउन सकेको छैन । सार्वजनिक यातायातलाई सुरक्षित र व्यवस्थित बनाउन जिपिएस प्रणाली लागू गर्नुपर्ने आवाज बलियो बन्दै गएको । तर, विभागले चासो नदिँदा र सरोकार भएकाहरूबीच आवश्यक समन्वयको अभावका कारण कार्यान्वयन हुन सकेको छैन । यता, सार्वजनिक गाडीहरूमा छिट्टै जिपिएस प्रणाली लागू गरिने यातायात व्यवस्था विभागले जनाएको छ । काठमाडौँ महानगरपालिकाले यसको सुरुआत गरिसकेको छ भने विभागले पनि आवश्यक गृहकार्य गरिरहेको छ । यातायात व्यवस्था विभागले २०७८ सालमै सार्वजनिक सवारी साधनमा 'जिपिएस भेहिकल–ट्र्याकिङ सिस्टम' को प्रयोग सुरु गरेको थियो । त्यतिबेलै केही गाडीमा जिपिएस जडान गरेको विभागले अहिले भने त्यसलाई निरन्तरता दिन सकेको छैन ।

यता केही समयअघि मात्रै सरकारले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ लाई प्रतिस्थापन गर्न राष्ट्रिय यातायात नीति, २०८१ को मस्यौदा सार्वजनिक गरेको छ । नयाँ नीतिले यातायात व्यवस्थापन, सञ्चालन र नियमनलाई प्रभावकारी बनाउन नवीनतम् प्रविधिमैत्री तथा वैज्ञानिक पद्धति अवलम्बन गर्ने उद्देश्य राखेको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सार्वजनिक गरेको मस्यौदामा यातायात व्यवस्थापनलाई प्रविधिमैत्री, सुरक्षित र वातावरण अनुकूल बनाउन सार्वजनिक सवारीसाधनमा 'ग्लोबल पोजिसनिङ सिस्टम'द्वारा ट्र्याकिङ गर्ने प्रणाली लागू गरिने नयाँ प्रावधान प्रस्ताव गरिएको छ ।

त्यतिमात्र होइन, गृह मन्त्रालयले गत साउन ३० गते विज्ञप्ति जारी गरेरै यात्रुवाहक सार्वजनिक सवारीसाधनमा जिपिएस ट्र्याकिङ प्रणाली र सिसिटिभी जडान गर्न निर्देशन दिएको छ । सिमलताल घटना अध्ययन प्रतिवेदन कार्यान्वयन गर्न गृह मन्त्रालयले नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घलाई १२ बुँदे निर्देशन दिएको थियो । यसको ३ नम्बर बुँदामा सवारीसाधनमा जिपिएस ट्र्याकिङ प्रणाली राख्नुपर्ने उल्लेख छ ।

गृह मन्त्रालयले बारम्बार जिपिएस प्रणाली लागू गर्न भने पनि सवारीधनीले अटेर गर्दा पनि कार्यान्वयनमा जटिलता आइरहेको बताइएको छ । सबै सवारीसाधनमा जिपिएस लागू भए सवारी दुर्घटनालाई केही हदसम्म नियन्त्रण गर्न सकिने ट्राफिक प्रहरीको आकलन छ ।

गृह मन्त्रालयले सवारीधनीलाई जिपिएस प्रविधि जडान गर्न निर्देशन दिए पनि अहिलेसम्म लागू हुन सकेको छैन । सवारीसाधनमा जिपिएस प्रणाली एकदमै महत्वपूर्ण हुने भएकाले यात्रुको सुरक्षा र ट्राफिक व्यवस्थापनमा पनि सघाउ पुग्ने विज्ञहरू बताउँछन् । अन्य विकसित देशहरूमा सबै सार्वजनिक सवारीसाधनमा जिपिएस अनिवार्य गरिएको हुन्छ । यसले कुन गाडी कुन समयमा कहाँ पुग्यो भनेर ट्र्याक गर्न सकिने हुँदा यात्रुदेखि सवारी धनी र यातायात सुरक्षामा काम गर्ने निकायहरूलाई पनि निकै सहज बनाको हुन्छ ।

बस सेवाले चालेको कदम

नेपाल सरकारले दुई दशकअघि नै घोषणा गरे पनि कार्यान्वयन हुन नसकेको काम सफल बनाउन निजी क्षेत्रको संस्था बस सेवाले पहल थालेको छ । छ महिनाअघि सुरु भएको जिपिएस जडान अहिलेसम्म ३०० भन्दा बढी सार्वजनिक बसहरूमा उपलब्ध भइसकेको छ । जिपिएस प्रणाली जडानलाई तीव्रता दिँदै निकट भविष्यमै एक हजार वटा गाडीमा उपलब्ध गराउने योजना छ ।

जिपिएस प्रविधिले गाडीको 'स्पिड' र 'लाइभ लोकेसन' पत्ता लाग्ने भएकाले सवारीधनी र यात्रुसँगै ट्राफिक प्रहरीलाई समेत सहज हुन्छ । बससेवाले नेपालमै पहिलो पटक जिपिएस (ग्लोबल पोजिसनिङ सिस्टम) प्रणालीको आधुनिक बस ल्याएको दाबी गरेको छ । बससेवाले ल्याएको यस्तो नयाँ प्रविधिको प्रयोगबाट आफूले ढुक्क भएर यात्रा गर्न पाएको यात्रुहरूको प्रतिक्रिया छ । यस्तो प्रविधिले आफू मात्र सुरक्षित महसुस हुने नभई घरका अन्य सदस्यहरूलाई पनि निकै सहयोग पुऱ्याएको यात्रुहरूको अनुभव छ ।

यस्तो सुविधा हरेक बसमा लागू हुनुपर्ने भन्दै एक यात्रुले भन्नुभयो, "मैले मेरो बा–आमालाई अब ढुक्क भएर बससेवाको कुनै पनि बसमा काठमाडौँ पठाउन र काठमाडौँबाट धनगढी ल्याउन सक्छु । फोन चलाउन नजान्ने अभिभावकलाई कतै पठाउनुपर्दा पनि बस कहाँ पुग्यो, कति गतिमा गुडिरहेको छ जस्ता कुरा आफैँले ट्र्याक गर्न सकिने हुँदा यो भरपर्दो छ ।"

यस्तै, सवारीसाधनमा जिपिएस प्रणाली जडान भएपछि बस कतिबेला आउँछ भनेर "बसस्टप'मा कुर्नुपर्ने अवस्थाको पनि अन्त्य भएको यात्रुहरूको अनुभव छ । 'अब म बसस्टपमा कुरेर बस्नुपर्दैन", उहाँले भन्नुभयो, "मैले मेरो आफन्त चढेको बस कहाँ आइपुग्यो भनेर मोबाइलको सहायताले घरमै बसेर हेर्न सक्छु । यसले मेरो समयको बचत भएको छ ।"

यदि कुनै आपत्कालीन घटना भयो भने बसको स्थान तुरुन्त थाहा पाइने र आवश्यक सहायता प्रदान गर्न सजिलो हुने भएकाले पनि जिपिएस भएकै बसमा यात्रा गर्न रुचाउनेको सङ्ख्या बढ्दो क्रममा छ । अब नेपालमा सञ्चालन हुने सबै सार्वजनिक यातायातमा जिपिएस प्रणाली जडान गर्नसके दुर्घटनाको जोखिमसँगै यात्रुको समय र पैसाको पनि बचत हुने देखिन्छ ।

जिपिएससँगै सार्वजनिक यातायातमा 'क्यासलेस' भुक्तानीको व्यवस्था गर्नुपर्ने माग बढ्दै गएको छ । पछिल्लो समय हरेक क्षेत्रमा डिजिटल भुक्तानी फस्टाइरहँदा सार्वजनिक यातायातमा भने अझै नगदमै कारोबार गर्नुपर्ने बाध्यता छ ।

केही सेवा प्रदायकले 'वालेट'मार्फत भुक्तानीको व्यवस्था लागू गरे पनि अन्य मुलुकमा जस्तो सदस्यता कार्ड बनाएर त्यसैमार्फत् भुक्तानीको व्यवस्था हुन भने सकेको छैन । यदि यात्रा कार्डको व्यवस्था गर्न सकेको खण्डमा यात्रु र सवारीसाधनका सहचालकको समय बचत हुने मात्र होइन, खुद्रा पैसाको झन्झटबाट हुने ठगी पनि रोकिनसक्ने देखिन्छ । नेपालको सार्वजनिक यातायातमा जिपिएस प्रविधि र यात्रा कार्डको आवश्यकता टड्कारो रूपमा खट्किएकाले सरोकार भएका निकायहरूले यसमा चासो दिनुपर्ने विज्ञहरू बताउँदै आएका छन् । रासस

# अस्पताल विकास समितिको सेवामा एकरुपता ल्याउन विधेयक ल्याइँदै

**काठमाडौँ ।**
सङ्घीय अस्पताल विकास समितिहरुमा पारदर्शिता र सेवा तथा मूल्यमा एकरुपता ल्याउन विधेयक ल्याइने भएको छ ।
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले अघि बढाएको एकीकृत अस्पताल सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी विधेयक तर्जुमाका लागि गत बुधबार बसेको मन्त्रिपरिषद् बैठकले सैद्धान्तिक सहमति दिएको हो ।
अस्पतालपिच्छे रहेका विकास समितिमा भएका सेवा शुल्कको भिन्नता, खर्चमा देखिएको अपारदर्शिता तथा कर्मचारीको नियुक्ति तथा स्थायी प्रक्रियालाई एकरुपता ल्याउन लागिएको हो ।
हाल सङ्घीय अस्पतालहरुमा भएका छुट्टाछुट्टै समिति अस्तित्वमा हुँदा एकै खालका अन्य सङ्घीय अस्पतालभन्दा फरक नियम तथा सेवा शुल्क लिने गरिएको छ । यसलाई कम गर्नका लागि अब ऐनमार्फत एकीकृत रुपमा सेवा तथा नीतिगत व्यवस्था हुने गरी व्यवस्था गर्ने तयारी अघि बढाइएको हो ।अस्पतालको आन्तरिक आम्दानीको खर्चको प्रवृत्तिसमेत एकै खालको नभएकाले यसलाई समेत नयाँ विधेयकमा समेट्ने तयारी मन्त्री पौडेलको छ । कतिपय अवस्थामा बढिरहेको प्रशासनिक खर्चसमेत कम गर्ने लक्ष्य मन्त्रालयले लिएको छ ।
मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले मन्त्रिपरिषदबाट सैद्धान्तिक स्वीकृतिपछि नयाँ विधेयकको तर्जुमा प्रक्रिया अघि बढ्ने बताए । उनले भने, 'विधेयक निर्माणको प्रक्रिया अघि बढ्नेछ । विज्ञहरुको परामर्शका आधारमा मस्यौदा तयार गरिनेछ ।' रासस

# दलित प्राधिकरण गठन गर्न समितिको सुझाव



**काठमाडौँ ।**
विकास, आर्थिक मामिला तथा सुशासन समितिले दलित समुदायको अधिकार र विकासका लागि दलित विकास प्राधिकरण गठन गरी प्रभावकारी कार्यान्वयनका लागि सरकारलाई सुझाव दिएका छन ।
राष्ट्रियसभाको आईतवारको बैठकमा समितिका सभापति कमला देवी पन्तले 'दलित समुदायको अधिकार तथा विकाससम्बन्धी कानुनी व्यवस्थाको आवश्यकतासम्बन्धी प्रतिवेदन, २०८१ माथि छलफल गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्दै दलित विकास प्राधिकरण गठनका लागि समितिले सुझाव दिएको जानकारी दिए ।
सभापति पन्तले दलित विकास विधेयक चालु अधिवेशनबाट अघि बढाउने र प्राधिकरण गठन गर्न सुझावसहित प्रतिवेदन सरकारलाई बुझाइएको जानकारी दिए । उनले दलितसम्बन्धी विद्यमान कानुनको प्रभावकारी कार्यान्वयनका लागि थप बलियो संयन्त्रमार्फत दलितको अधिकारलाई सुनिश्चित गरिनुपर्ने आवश्यकता भएको उक्त प्रस्ताव गरिएको स्पष्ट पारे ।
दलित समुदायको विभेद र उत्पीडनहरुको अन्त्य गरी सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने सम्बन्धमा राष्ट्रियसभाबाट विसं २०७९ चैत ८ गते स्वीकृत सङ्कल्प प्रस्तावमा उल्लेखित विषयहरुको कार्यान्वयनका सम्बन्धमा निरन्तर अनुगमन एवं अध्ययनका लागि समितिअन्तर्गत गठित सङ्कल्प प्रस्ताव कार्यान्वयन अनुगमन उपसमिति क्रियाशील रहेको जानकारी दिए।
दलित समुदायको अधिकार तथा विकाससम्बन्धी कानुनी व्यवस्थाको आवश्यकतासम्बन्धी प्रतिवेदन २०८१ पारित गरेको र उक्त प्रतिवेदनसभामा पेस भइसकेको उनले बताए ।
प्रतिवेदनअनुसार दलित समुदायको जनसङ्ख्या करिब १४ प्रतिशत अर्थात् झण्डै ४० लाख रहेको छ । दलित समुदायमा साक्षरता दर ८३ दशमलव ८ प्रतिशत छ । भूमिविहीन दलित १३ दशमलव ६ प्रतिशत छन् । निजामती सेवामा दलितको उपस्थिति जम्मा २ दशमलव ५० प्रतिशत छ । हाल सङ्घीय संसदमाा दलितको प्रतिनिधित्व ७ दशमलव ८ प्रतिशत रहेको छ ।
नेपालको संविधानको धारा ४० मा उल्लेखित मौलिक हकको कार्यान्वयन, शिक्षा र स्वास्थ्यमा पहुँच हुन सकेको छैन । परम्परागत सीप, ज्ञान, मौलिक कला र पेसाको संरक्षण तथा उद्यमशीलताको विकास, जमिन र आवासको उपलब्धता, सामाजिक अन्तरघुलन, छुवाछुत र विभेदको अन्त्य तथा दलितको विकास र सशक्तीकरण गर्नुपर्ने आवश्यकता रहेको सभापति पन्तले उल्लेख गरे ।
दलित आयोग कमजोर अवस्थामा रहेको, दलितको अधिकार कार्यान्वयनमा नियमित अनुगमन हुन नसकेको, राजनीतिक तथा नागरिक अधिकार, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार, समूहमा बाँच्न पाउने अधिकारबाट पनि दलित बञ्चित भएको प्रतिवेदनमा औँल्याइएको छ ।
यसअघि समितिका सभापति पन्तले सभामा प्रस्तुत गर्नुभएको समितिको प्रतिवेदनमाथि छलफल गरियोस् भन्ने प्रस्तावलाई बैठकको सर्वसम्मतिले स्वीकृत गरेको थियो ।
उक्त प्रतिवेदनमाथिको छलफलमा सहभागी सांसद पदमबहादुर परिवारले दलित समुदायको विकास र अधिकारको सुनिश्चितताका लागि चाँडो कानुन बनाउन आवश्यक रहेको बताए । सांसद सुमित्रा विसीले दलितको अधिकारका लागि प्रतिवेदन महत्वपूर्ण रहेको बताईन । सांसद गोविबाहदुर सार्की अछामीले दलितसम्बन्धी कानुनको आवश्यकता मध्यनजर गर्दै थप कानुनी व्यवस्था र संरचना स्थापित गरिनुपर्नेमा जोड दिए ।
सांसद युवराज शर्माले सबै क्षेत्रमा दलित समुदाय अग्रसर रहेको उल्लेख गर्दै दलित समुदायको अधिकारसम्बन्धी प्रत्येक राजनीतिक दल र समाजले यसविरुद्धमा एक भएर लाग्नुपर्नेमा जोड दिए । सांसद जयन्तीदेवी राईले दलित समुदायप्रति सामाजिक र धार्मिक रुपमा बनाएका विषयवस्तुलाई खारेज गर्नुपर्ने बताए ।
सांसद जगप्रसाद शर्माले दलित समुदायमाथिको छुवाछुत र विभेदलाई अन्त्य गर्न आरक्षण होइन विशेष अधिकारको व्यवस्था गर्नुपर्नेमा जोड दिए । सांसद तुलसाकुमारी दाहालले विगतमा जीविकोपार्जनका लागि गरिएको काम आज सबै मानिसले गरिरहेको हुँदा यसको निरुपणमा यो दलितको मात्र नभएर आमनेपालीको दायित्व भएको बताईन ।
सांसदहरु भुवनबहादुर सुनुवार र तुलप्रसाद विश्वकर्मा दलितको अधिकार सुनिश्चित गर्न प्रतिवेदन महत्वपूर्ण हुने बताए । सांसद रेणु चन्दले सामाजिक भेदभावबाट मुक्त गर्न कानुन ऐन बन्नुपर्नेमा जोड दिईन । सांसद मायाप्रसाद शर्माले प्रतिवेदन विधेयकका रुपमा आउन आवश्यक रहेको बताए ।
सांसद विष्णुकुमारी सापकोटाले विभिन्न क्षेत्रमा दलितको उपस्थिति बढाउनुपर्नेमा जोड दिईन । सांसद राजेन्द्रलक्ष्मी गैरेले अहिले पनि जातीय भेदभाव र छुवाछुत कायमै रहेको भन्दै यसको निर्मूलीकरणका लागि सबै गम्भीर हुनुपर्ने बताईन । सांसद राधेश्याम पासवानले संविधानमा तीन वर्षमा कानुन बन्नुपर्ने उल्लेख भए पनि अहिलेसम्म नबनेकामा दुखेसो पोखिन । रासस

# संवैधानिक परिषद्सम्बन्धी विधेयक स्वीकृत

**काठमाडौँ ।**
राष्ट्रियसभाको आईतको बैठकले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त 'संवैधानिक परिषद् (काम, कर्तव्य अधिकार र कार्यविधि)सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्' भन्ने प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत गरेको छ ।
बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीकोतर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले प्रस्तुत गरेको उक्त प्रस्तावलाई बैठकको सर्वसम्मतिले स्वीकृत भएको सभाअध्यक्ष नारायणप्रसाद दाहालले घोषणा गरे ।
यसअघि छलफलमा उठेका प्रश्नहरुको जवाफ दिँदै सञ्चारमन्त्री गुरुङले परिषद्को बैठक तत्काल बहाल रहेका कम्तिमा ५० प्रतिशत सदस्यको उपस्थितिमा कोरम पुगेको मानेर निर्णय गर्ने प्रावधान विधेयकमा राखिएको छ । उनका अनुसार तत्काल बहाल रहेका सबै परिषद् सदस्य उपस्थिति हुनुपर्ने व्यवस्था कायमै रहेको छ । यसमा सबै सदस्य उपस्थिति नभएमा वा उपदफा ६ बमोजिम सर्वसम्मति कायम गर्न नसकेका खण्डमा अर्को बैठक बोलाउने र उक्त बैठकमा अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्य उपस्थिति रहेका खण्डमा निर्णय गर्ने प्रबन्ध गरिएको छ । परिषद्को बैठकमा सबै सदस्य उपस्थित नभएमा निर्णय गर्न दफा ७ को व्यवस्था गरिएको छ । मन्त्री गुरुङले विधेयकलाई प्रक्रियामा लगेर व्यापक छलफल गरी चाँडो टुङ्ग्याउन अनुरोध पनि गरे ।
उक्त विधेयक प्रतिनिधिसभमा उत्पत्ति भएर प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा छलफल भई प्रतिनिधिसभाबाट सर्वसम्मतिले पारितभएपछि राष्ट्रियसभामा पेस भएको सञ्चारमन्त्री गुरुङले जानकारी दिए ।
विधेयकको सैद्धान्तिक पक्षमाथिको छलफलमा सांसद डा वेदुराम भुसालले विधेयकमा परिषद्को गणपूरक सङ्ख्या कति हुने भन्ने विषयमा गम्भीरतापूर्वक छलफल गर्नुपर्ने बताए । उनले यस विषयलाई समितिमा लगेर सरकारकोतर्फबाट छलफल गर्नुपर्ने आवश्यकता रहेको उल्लेख गरे । सांसद मृगेन्द्रसिंह यादवले विधेयकका विषयमा समितिमा लगेर बृहत् छलफल गर्नुपर्ने भनाइ व्यक्त गरे । सांसद मायाप्रसाद शर्माले केही विषयहरु अस्पष्ट भएकाले समितिमा नै पठाएर छलफल गरे सार्थक हुने बताए ।
सांसद गङ्गाकुमारी बेलवासेले प्रतिनिधिसभाले छलफल गरेको विषयवस्तु सार्थक भएको तर ५० प्रतिशत भन्ने विषयवस्तुलाई अझ बृहत् छलफल गर्न आवश्यक रहेको बताईन ।
बैठकमा राष्ट्रियसभाका सचिव डा सुरेन्द्र अर्यालले 'केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०८०' र 'भन्सार विधेयक, २०८०' का सम्बन्धमा प्रतिनिधिबाट प्राप्त सन्देशहरु सभासमक्ष टेबुल गरे । रासस

# पीडित पक्षलाई मान्य हुने पदाधिकारी नियुक्त गर्न प्रधानमन्त्रीसँग द्वन्द्वपीडित संस्थाका प्रतिनिधिको अनुरोध



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष द्वन्द्वपीडितका विभिन्न संस्थाका प्रतिनिधिले सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित दुई आयोगको पदाधिकारी सिफारिस प्रक्रियालाई विश्वसनीय र पारदर्शी बनाउने मागसहित ध्यानाकर्षणपत्र बुझाएका छन् ।
प्रधानमन्त्री निवास, बालुवाटारमा आइतवार भएको भेटमा द्वन्द्वपीडित देवी खड्कासहितका प्रतिनिधिले सिफारिस समितिबाट आफूहरुसँग परामर्श नगरी काम भएकामा चिन्ता व्यक्त गर्नुभएको हो । उनहरुले दलीय भागबण्डा नभई निष्पक्ष एवं पीडितलाई मान्य हुने व्यक्तिलाई आयोगको अध्यक्ष र त्यस्तै निष्पक्षतापूर्वक काम गर्नसक्ने व्यक्तिलाई सदस्यमा सिफारिस गर्नुपर्ने माग गरे ।
सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्यनिरुपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐनबमोजिम दुवै आयोगको पदाधिकारी सिफारिसका लागि गठन गरेको समितिले प्राप्त आवेदकमध्येबाट सङ्क्षिप्त सूची प्रकाशन गरिसकेको छ ।
प्रधानमन्त्री ओलीले आफूले द्वन्द्वकालदेखि नै शान्तिका पक्षमा स्पष्ट कुरा राख्दै आएकाले वर्तमान सरकारप्रति अविश्वास नगर्न आग्रह गरे ।
राजनीतिक असमझदारीका कारणले यो प्रक्रिया लामो समय लिएको स्पष्ट गर्दै बलात्कार जस्ता मानवताविरुद्धको जघन्य अपराध गर्नेलाई कानुनी कठघरामा उभ्याएर सजाय दिएरै छाड्ने तथा पीडितलाई न्याय दिलाउने उद्घोष गरे ।
'मलाई पीडितहरुसँग खेल्नु, छक्याउनु र अल्मल्याउनु छैन । सङ्क्रमणकालीन न्यायलाई शीघ्र टुङ्ग्याउँ भन्ने मात्रै मेरो ध्यान हो', प्रधानमन्त्री ओलीले भने, 'द्वन्द्वमा प्रत्यक्ष संलग्न नहुँदानहुँदै पनि हाम्रो पार्टी नेकपा (एमाले) पनि एक प्रकारले पीडित पार्टी हो । शान्तिका पक्षमा लाग्दा लाग्दै हाम्रा नेताहरुलाई पनि मारिएको छ । हिंसात्मक राजनीतिबाट हामी सबै पीडित छौँ । द्वन्द्वबाट सबैपक्ष पीडित भएका थिए । देश नै पीडित छ । अब यस्ता शृङ्खला सधैँका लागि रोकौँ भन्ने हाम्रो प्रयास हो, यो प्रक्रियामा नआत्तिएर धैर्यपूर्वक, असल र सही परिणाम ल्याउनका निम्ति एक भएर लाग्न म आग्रह गर्छु ।'
त्यस अवसरमा प्रधानमन्त्रीका मानवअधिकार तथा सङ्क्रमणकालीन न्यायसम्बन्धी सल्लाहकार अग्नि खरेल पनि सहभागी थिए । रासस

# 'सरकारले यथाशीघ्र प्राङ्गारिक र जैविक मलको व्यवस्था गर्नेछ'



**काठमाडौँ ।**
कृषि तथा पशुपन्छीमन्त्री रामनाथ अधिकारीले सरकारले यथाशीघ्र प्राङ्गारिक र जैविक मलको व्यवस्था गर्ने प्रतिबद्धता व्यक्त गरेका छन ।
प्रतिनिधिसभाअन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक समितिको बैठकमा सांसदले उठाउनुभएको प्रश्नको जवाफ दिँदै उनले भने, 'हाम्रा लागि ११ लाख टन रायायनिक मल आवश्यक पर्दछ, तर हामीसँग चार लाख टन मात्र छ । अहिले पनि बजारमा रासायनिक मलको अभाव छ, त्यसैले कृषि मन्त्रालयले यो पटकबाट प्राङ्गारिक र जैविक मलको व्यवस्था गर्नैपर्छ भन्ने मनसाय राखेर अगाडि बढेको छ ।'
सरकारले चाँडै राष्ट्रिय एकीकृत कृषि आधुनिकीकरण कार्यक्रम लागू गर्ने मन्त्री अधिकारीको भनाइ छ । देशलाई कृषमार्फत अगाडि बढाउन किसानलाई विद्युत्मा सहुलियत दिने विषयमा अर्थ मन्त्रालयसँग छलफल भइरहेको उनले जानकारी दिए ।
उनले भने, 'हामी कुखुराको मासु, अण्डा र मकैलागायत कृषिउपज उत्पादनमा आत्मनिर्भर हुँदैछौँ भन्दैगर्दा भारतबाट जस्तो मूल्यमा दाना आयात हुन्छ । दाना बनाउने कच्चा पद्धार्थ लिएर उत्पादन गर्न थालियो भने तयार भएको दाना खरिद गर्नुभन्दा महँगो पर्छ, यो विषयमा अर्थमन्त्रालयसँग गम्भीर रूपमा छलफल गर्नुपर्ने देखिएको छ ।'
कृषकहरूले खेती गर्दैगर्दा विशेष गरेर बाँदर, नीलगाई र बँदेलले दुःख दिएका सन्दर्भ उल्लेख गर्दै सरकारले यथनशीघ्र समस्या ◌माधान गर्दै उचित व्यवस्थापन गरिने मन्त्री आधिकारीले बताए ।
'चालु आर्थिक वर्षका लागि कूल बजेटको तीन प्रतिशत यो क्षेत्रका लागि थियो, तर आगामी वर्षका लागि दुई दशमलव छ प्रतिशत मात्रै छ, हामीलाई कम्तीमा पाँच प्रतिशत बजेट चाहिएको छ, १० प्रतिशत पु¥याउन सकेका खण्डमा सिङ्गो नेपाली आत्मनिर्भर हुन्छ भन्ने हाम्रो आँकलन हो', उनले भने । सांसद रुपा शशि चौधरीले नेपाली कृषिलाई आधुनिकीकरण गर्दै बजारीकरणको सुनिश्चितता गर्नुपर्नेमा जोड दिईन । सांसद चन्दा चौधरीले मल आयातमा देखिएको विचौलियाको व्यवस्थापन गर्दै किसानका निम्ति सहज र सर्वसुलभ मलको व्यवस्था गर्नुपर्ने माग गर्दै सरकारको ध्यानाकर्षण गराईन । सांसदहरू यागेन्द्र मण्डल, अमृतलाल राजवंशी, भानुभक्त जोशी, सम्झना थपलिया, मिना तामाङ, अनिसा नेपाली, बिजुला रायमाझी र सूर्यकुमारी श्रेष्ठले देशलाई वर्षेखेती सुरु हुनुभन्दा अगावै किसानको सहज मल, बीउ र सिँचाइको व्यवस्था गर्न मन्त्रीसमक्ष माग गरे । रासस

# 'जनताले सधैँ अनुभूति गर्नेगरी काम गर्नुपर्छ'

**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले जनताले सधैँ अनुभूति गर्नेगरी विकास, निर्माणसम्बन्धी काम गर्नुपर्ने बताएका छन ।
नवनियुक्त ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री खमबहादुर गर्बुजाको स्वागतमा आईतवार मन्त्रालयमा आयोजित कार्यक्रममा उनले राजनीतिकर्मीले जनताप्रति थुप्रै वाचा गरेकाले जनताले सम्झनेगरी काम गर्नुपर्नेमा जोड दिए ।
'हामी राजनीतिकर्मीले निर्वाचनका बेला जनतासँग थुप्रै प्रतिबद्धता गरेर आएका हुन्छौँ, थुप्रै लक्ष्य लिएका हुन्छौँ, लक्ष्य प्राप्तिका लागि आआफ्नो क्षेत्रबाट लाग्नुपर्छ, राजनीतिकर्मी जनताप्रति प्रत्यक्ष उत्तरदायी भएर काम गर्नुपर्छ', मन्त्री खड्काले भने । सधैँका लागि आफ्नो कार्यकाल नहुने भएकाले आफू नेतृत्वमा रहँदा जनताले प्रत्यक्ष अनुभूति हुने खालका काम गर्नुपर्ने उनको भनाइ छ ।
मन्त्री खड्काले सीमित स्रोतसाधनकाबीच उत्कृष्ट काम गर्नुपर्ने दायित्व आफूहरूमा रहेकाले यसमा राज्यमन्त्रीको साथ र सहयोग हुने विश्वास व्यक्त गरे । उनले तीनै तहका सरकारसँग समन्वय गरेर दायित्वलाई जिम्मेवारपूर्वक निर्वाह गर्नुपर्ने उल्लेख गरे ।
मन्त्री खड्काले व्यावहारिक ज्ञान, अनुशासित, मर्यादित, जिम्मेवार व्यक्तित्वका रूपमा आफूले राज्यमन्त्रीलाई लिएको बताउँदै आफूले सिकेको, देखेको, भोगेका कुरा र अनुभवलाई राष्ट्र निर्वाहमा लगाउनुपर्ने बताए । उनले सहकार्य, पारदर्शिता र जवाफदेहिताका आधारमा मन्त्रालयको कार्यसम्पादनलाई परिणाममुखी बनाउने उल्लेख गर्दै एकआपसमा मानसम्मन, संस्कार र संस्कृति जोगाएर अगाडि बढेमात्र सफल भइने धारणा राखे ।
नवनियुक्त ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री गर्बुजाले आफू देश र जनताका लागि काम गर्ने व्यक्ति भएकाले कर्मचारीको साथ लिएर देश र मन्त्रीलाई सफल बनाउने प्रतिबद्धता व्यक्त गरे ।
मन्त्रालयका ऊर्जा सचिव सुरेश आचार्य र जलस्रोत तथा सिँचाइ सचिव सरिता दवाडीले मुलुकलाई समृद्ध बनाउने क्षेत्र ऊर्जा र सिँचाइ भएकाले यसको विकासमा लाग्नुपर्ने बताएका थिए । रासस

# मुस्ताङमा चार महिनामा ५१ हजार विदेशी पर्यटक

**मुस्ताङ ।**
मुस्ताङमा सन् २०२५ को चार महिना ५१ हजार ८९६ विदेशी पर्यटक भित्रिएका छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) जोमसोमका अनुसार सन् २०२५ को जनवरी १ देखि अप्रिल अन्तिमसम्म उक्त सङ्ख्यामा विदेशी पर्यटक मुस्ताङ भित्रिएका हुन् ।

एक्याप जोमसोमका कार्यालय प्रमुख राजेश गुप्ताले मुस्ताङमा विदेशी पर्यटकको आगमन अप्रत्याशित रुपले वृद्धि भइरहेको बताए । सन् २०२५ को चार महिनामा सार्क राष्ट्रका ४३ हजार १५१ र अन्य राष्ट्रका आठ हजार ७४५ विदेशी पर्यटकले मुस्ताङको भ्रमण गरेका छन् । सन् २०२५ को जनवरीदेखि अप्रिलसम्म कुल विदेशी पर्यटक सङ्ख्याको ८३ प्रतिशत सार्क राष्ट्रको र १७ प्रतिशत अन्य राष्ट्रका पर्यटक मुस्ताङ भित्रिएका थिए ।

सन् २०२५ को जनवरीमा चार हजार ३४६, फेबुरअरीमा पाँच हजार ३३०, मार्चमा १९ हजार ९५ र अप्रिलमा २३ हजार १५२ विदेशी पर्यटक मुस्ताङ भित्रिएका थिए । सन् २०२४ को जनवरीदेखि अप्रिलसम्म विदेशी पर्यटकको तथ्याङ्क हेर्दा सन् २०२५ को जनवरीदेखि अप्रिलसम्म (३६.६६) प्रतिशतले विदेशी पर्यटकको सङ्ख्या वृद्धि भएको हो । सन् २०२४ को सुरुआती चार महिनामा ३७ हजार ९७४ विदेशी पर्यटकले मुस्ताङको भ्रमण गरेकामा सन् २०२५ को सुरुआती चार महिनामा ५१ हजार ८९६ जनाले मुस्ताङको भ्रमण गरेका छन् ।

मुस्ताङको ऐतिहासिक, धार्मिक, संस्कृति तथा सामाजिक सभ्यता अवलोकन गर्न उल्लेख मात्रामा विदेशी पर्यटक मुस्ताङ आउने गरेको मुक्तिनाथका होटल व्यवसायी सुरज गुरुङले बताए । मुस्ताङमा बढी मात्रामा भारतीय पर्यटक आउने गरेका छन् । हिन्दू तथा बौद्धमार्गीहरूको साँझा धार्मिक तीर्थस्थल मुक्तिनाथको दर्शनका लागि छिमेकी देश भारतका विभिन्न स्थानबाट पर्यटक आउने गरेका छन् ।

मुस्ताङमा मुक्तिनाथ मन्दिरको दर्शनसँगै उपल्लो मुस्ताङको कोरलानाका, छोसेर गुफा, लोमान्थाङ दरबार, निफुक गुम्बा, लोघेकर (घर) गुम्बा, चराङ गुम्बा, लुरी गुम्बा, दामोदरकुण्ड, चिउसी गुफा, मुस्ताङ गेट, नुन खानी, कागबेनीधाम, ढुम्बाताल, जोमसोम बजार, मार्फा गाउँ, सेकुङ ताल र टिटीताललगायतको पर्यटकीय गन्तव्य रहेकाले पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको घुमफिरको गन्तव्य बनेको हो । रासस

# अण्डाको माग बढ्यो



**चितवन ।**
गर्मीसँगै अण्डाको उत्पादन घटेपछि माग बढ्न थालेको छ । गर्मीका कारण कुखुराले दाना कम खाने हुँदा अण्डाको आकार र सङ्ख्या दुवै घट्ने गर्दछ ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरका उपप्राध्यापक डा अनन्त दाहालका अनुसार गर्मीसँगै कुखुराले अण्डा कम दिन थाल्दछ । मुख्य रोगहरू पनि यही मौसममा देखा पर्ने गर्दछन् । पानी परेर आद्रता बढ्दा कुखुरालाई गर्मीका कारण हुने तनाव निकै बढ्ने उनि बताउछन । उनले भने, ‘अझै अण्डाको उत्पादन घट्दै जाने छ ।’ गर्मी उच्चविन्दुमा पुग्दा २५ प्रतिशतसम्म उत्पादन घट्ने उनको भनाइ छ ।

नेपाल लेयर्स कुखुरापालक सङ्घका केन्द्रीय अध्यक्ष विनोद पोखरेलले उत्पादन घटेपछि माग धान्न मुस्किल हुन थालेको बताए । चार महिनाअघिसम्म दैनिक ४० हजार कार्टुन अण्डा उत्पादन हुने गरेकामा अहिले घटेर २८ हजार हाराहारीमा झरेको उनि बताउछन । उनको भनाइमा गर्मीसँगै दानाको मूल्य उच्च र अण्डाको मूल्य कम भएपछि धेरै किसानले कुखुरा बिक्री गरेको र चल्ला राख्न नसकेका कारण अण्डाको सङ्ख्या घटेको हो । विद्यालय, क्याम्पस खुलेका र पर्यटक बढेका कारण बजारमा अण्डाको माग बढेको उनि बताताउछन । माग बढेसँगै किसानले उत्पादन गरेको अण्डाको मूल्य बढ्दो क्रममा छ ।

अध्यक्ष पोखरेलका अनुसार एक्सएल अण्डा प्रतिक्रेट (३० वटा) को चार सय ६०रुपैया , ठूलोको चार सय ३५रुपैयाँ र मिडियमको तीन सय ८५ रुपैयाँ कायम गरिएको छ । बजारमा मागअनुसार अण्डा नपाएपछि क्रमशः मूल्य बढ्दै गएको हो । गत वर्ष प्रतिक्रेट (३० गोटा) को पाँच सय २५ रुपैयाँ सम्म पुगेको अण्डाको मूल्य घटेर तीन सय ५० रुपैयाँ मा झरेको थियो । मूल्य घटेसँगै लागत मूल्य धान्न नसकेपछि धेरै किसानले अण्डा दिँदै गरेका कुखुरासमेत बिक्री गर्न बाध्य भएका थिए ।

नेपालमा अण्डाको लागत मूल्य प्रतिगोटा रु १६ दशमलव ५६ पर्न आउँछ । अण्डा उत्पादन गर्ने कुखुरा घटेको र माग बढेको छ । अहिलेको अवस्थालाई हेर्दा अण्डाको मूल्य क्रमशः बढ्ने देखिन्छ । उनले भने, ‘अण्डाको मूल्य बढेपछि किसान उत्साहित बनेका छन् ।’रासस

# अन्नभण्डारमै छैन सिँचाइ सुविधा

**कञ्चनपुर ।**
पुर्नवास नगरपालिका–२ का तेजबहादुर चन्दले सात बिघा जग्गा भाडामा लिएर उखुखेती गर्दै आएका छन । अन्य खेतीको तुलनामा उखुखेतीलाई धेरै पानी चाहिन्छ तर यहाँ सिँचाइ सुविधा नहुँदा यहाँका उखु किसानले समस्या खेप्दै आएका छन् ।

‘यो क्षेत्रमा दुई चिनी मिल छन्, उखुखेती धेरै हुन्छ’, चन्दले भने, ‘बोरिङबाट सिँचाइ लागत धेरै लाग्ने गरेको छ ।’ बोरिङबाट सिँचाइ गर्दा एकातर्फ किसानको लागत बढिरहेको छ भने अर्कातर्फ सबै ठाउँमा बोरिङबाट पानी नआउँदा सिँचाइका लागि समस्या भइरहेको छ । धान र गहुँखेतीका लागि पनि यहाँको भूमि अत्यन्तै उर्वर मानिन्छ । यहाँको उत्पादित खाद्यान्न सुदुरपश्चिमका पहाडी जिल्लासम्म पुग्छ । तर, यही उर्वरभूमिमा सिँचाइको समस्या रहेको किसानको गुनासो छ ।

पुर्नवास नगरपालिका–४ का सुरतबहादुर मल्लले सिँचाइ सुविधा नहुँदा अकासे पानीका भरमा खेती गरिरहेको बताए । ‘महाकालीको पानी आउँछ भन्न थालेको दुई दशक भइसक्यो’, उनले भने, ‘पानी नहुँदा बीउ सुक्छ, अकासे पानीका भरमा मात्र सिँचाइ हुन्छ ।’

महाकाली सिँचाइ दोस्रो चरणअन्तर्गत दक्षिणी क्षेत्रको बेल्डाँडी नगरपालिका र बेलौरी नगरपालिकाका केही भूभागमा सिँचाइ सुविधा पुगे पनि पुर्नवास नगरपालिकामा सिँचाइ सुविधा पुग्न सकेको छैन । ‘महाकाली सिँचाइबाट पनि यहाँ नहर पुर्याउन सर्भे भएको थियो’, उनले भने, ‘महाकाली नदीको पानी खेतमा पुग्ने आशामै छौँ ।’

महाकाली सिँचाइ आयोजना तेस्रो चरणले पुर्नवास क्षेत्रमा करिब १५ हजार हेक्टरमा २०८६ सम्म सिँचाइ पुर्याउने लक्ष्य राखेको छ । यसका लागि सरकारले महाकाली सिँचाइ तेस्रो चरणलाई राष्ट्रिय गौरवको आयोजनामा समावेश गरेर २०८६ सालसम्म काम सम्पन्न गर्ने लक्ष्य राखेको छ । आयोजनाका सिनियर डिभिजनल इन्जिनियर राजेशभक्त पोखरेलले यसअघि बजेट अभाव, मुआब्जा वितरण र वन क्षेत्रको उल्झनका कारण निमार्णमा ढिलाइ भए पनि राष्ट्रिय गौरवको आयोजना बनेपछि निर्माणकार्यले गति लिएको बताए । उनका अनुसार आयोजनाको भौतिक प्रगति २६ प्रतिशत छ । आयोजनाको २८.८ किलोमिटरदेखि ४८.३ किमीसम्म मूल नहर निर्माणका लागि गत वर्ष पाँच प्याकेजमा ठेक्का सम्झौता भएको छ । तीन वर्षभित्र काम सक्नेगरी ठेक्का सम्झौता भए पनि बजेट अभाव, रूख कटानमा समस्या, जमिन अधिग्रहणलगायत समस्या भएकाले निर्माणले गति लिन सकेको छैन । आर्थिक वर्ष २०६२÷६३ मा काम सुरु भएको आयोजनाको हालसम्म २८.९ किमी मूल नहर निर्माण भएको छ । मूल नहर बनेका क्षेत्रमा २२ वटा शाखा नहर निर्माणाधीन अवस्थामा छन् ।

कञ्चनपुरमा हाल महाकाली सिँचाइ आयोजना पहिलो र दोस्रो चरणबाट ११ हजार ६९९ हेक्टरमा सिँचाइ सुविधा उपलब्ध छ । विसं २०४२ मा सुरु भई २०४८ मा सम्पन्न भएको महाकाली सिँचाइ पहिलो चरणबाट चार हजार ८०० हेक्टर र २०५२ मा सम्पन्न भएको दोस्रो चरणबाट छ हजार ८०० हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुगेको छ । पहिलो र दोस्रो चरणको सिँचाइबाट यहाँको भीमदत्त, बेदकोट नगरपालिका र बेलडाँडी गाउँपालिकासम्म सिँचाइ सुविधा उपलब्ध छ । तर सुक्खायाममा भारतले नेपालतर्फ थोरै पानी छाड्ने भएका कारण बेलौरी नगरपालिकासम्म पानी पुग्दैन जसका कारण यहाँका किसानले पानी नपाउने समस्या झेल्दै आएका छन् ।

विसं २०६३ देखि महाकाली सिँचाइ तेस्रो चरणको काम सुरु भए पनि हालसम्म आयोजनाको २८ किलोमिटर मूल नहरमात्र निमार्ण भएको छ । एक सय ५१ किलोमिटर मूल नहर रहेको अयोजना सम्पन्न भएपछि कैलाली र कञ्चनपुरको ३३ हजार ५२० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुग्ने छ । कृषि ज्ञान केन्द्र महेन्द्रनगरका अनुसार कञ्चनपुरमा कुल खेतीयोग्य जमिन एक लाख ६१ हजार ७४१ हेक्टर छ । जसमध्ये ५९ हजार छ सय दुई हेक्टर अर्थात् ३६ प्रतिशत जमिनमा खेती हुने गरेको छ । जसमा २९ प्रतिशत क्षेत्रफलमा मात्र सिँचाइ सुविधा उपलब्ध हुने गरेको छ । रासस

# अष्ट्रेलियामा बिपक्षी नेताले नै हारे चुनाव
## २० बर्ष पछि लेवर पार्टी बहुमतमा



**सिडन ।**
अष्ट्रेलियामा लेबर पार्टीले पुनः निर्वाचनमा जीत हासिल गरेको छ। निर्वाचन आयोगका अनुसार लेबर पार्टीले ८९ सिट जितेको छ भने विपक्षी लिबरल–नेसनल गठबन्धनले ३६ सिट जितेको छ । सरकार बनाउनका लागि ७६ सिट चाहिन्छ।

अल्बानीजको विजयले उनलाई दुई दशक पछि पुनः चुनाव जित्ने पहिलो अष्ट्रेलियाली प्रधानमन्त्री बनाएको छ । सबैभन्दा भर्खरको अनुमान अनुसार, १५० सिटको तल्लो सदनमा कम्तिमा ८७ सिटका साथ उनले आफ्नो दोस्रो कार्यकाल सुरु गर्नेछन्।

लेबर पार्टीको जितले एन्थोनी अल्बानीज फेरि प्रधानमन्त्री हुने पक्का भइसकेको अवस्था छ । २१ वर्षमा पहिलो पटक कुनै लेबर नेता फेरि प्रधानमन्त्री बन्ने मौका पाएको हो ।

यसअघि सन् २००४ मा लिबरल पार्टीका जोन होवार्डले लगातार दोस्रो पटक चुनाव जितेका थिए ।योसँगै विपक्षी उदार–राष्ट्रिय गठबन्धनले हार स्वीकार गरेको छ । विपक्षी उम्मेदवार पिटन डटनले पनि आफ्नै सिट गुमाएका छन । डिक्सन संसदीय सिटमा डुटनको हारलाई शताब्दीकै सबैभन्दा ठूलो राजनीतिक हार मानिएको छ। विपक्षी नेता पिटर डटनले चुनावमा हार स्वीकार गर्दै भने, ‘हामीले राम्रो प्रदर्शन गर्न सकेनौं, त्यसको पूर्ण जिम्मेवारी म स्वीकार गर्छु।’

अष्ट्रेलियामा हरेक ३ वर्षमा चुनाव हुन्छ । २८ मार्च २०२५ मा देशमा संसद विघटन भए पछि त्यसपछि सरकार कार्यकारी मोडमा गएको थियो। यसपछि २२ देखि ३० अप्रिलसम्म हुलाक मतदान भएको थियो ।

सन् २०२२ मा भएको पछिल्लो निर्वाचनमा लेबर पार्टीले ७७ सिट र लिबरल–नेसनल गठबन्धनले ५८ सिट प्राप्त गरेको थियो । यसपटक मुख्य प्रतिस्पर्धा प्रधानमन्त्री एन्थोनी अल्बानीजको लेबर पार्टी र विपक्षी नेता पिटर डटनको लिबरल–नेसनल गठबन्धनबीच थियो ।

अस्ट्रेलियामा नेपालमा जस्तै दुईवटा संसद छन् । माथिल्लो सदनलाई ‘सिनेट’ र तल्लो सदनलाई ‘हाउस अफ रिप्रेजेन्टेटिभ’ भनिन्छ। तल्लो सदनमा बहुमत ल्याउने दल वा गठबन्धनको नेता प्रधानमन्त्री बन्नेछ। यसको १५० सिटका लागि आज मतदान हुँदैछ । यसको नतिजा मे ३ गते राति वा ४ मे बिहानसम्म आउनेछ ।

तल्लो सदनसँगै माथिल्लो सदनका ७६ मध्ये ४० सिटका लागि पनि आज मतदान हुँदैछ । यस सदनमा निर्वाचित सदस्यहरुको कार्यकाल ६ वर्षको हुन्छ । प्रत्येक ३ वर्षमा आधा सदस्य परिवर्तन हुन्छन ।

अष्ट्रेलियामा १८ वर्ष वा सोभन्दा माथिका सबै नागरिकले भोट हाल्नु अनिवार्य छ र यदि उनीहरूले अनावश्यक कारणले त्यसो नगरेमा २० अस्ट्रेलियन डलर जरिवाना तिर्नु पर्ने हुन्छ। यहाँ प्रधानमन्त्री बन्न उमेरको हद छैन ।

अर्को शब्दमा, १८ वर्ष वा सोभन्दा माथिका व्यक्तिले मतदान गर्न सक्छन्, चुनाव लड्न सक्छन् र प्रधानमन्त्री पनि बन्न सक्छन्।

एन्थोनी अल्बानीज अष्ट्रेलियाका ३१ औं प्रधानमन्त्री र लेबर पार्टीका नेता हुन्। उनले २०२२ को चुनावमा स्कट मोरिसनलाई हराएर सरकार गठन गरेका थिए। उनकी आमा, मारियान एलेरी, आयरिश मूलका थिए भने जबकि उनका बुबा, कार्लो अल्बानीज इटालियन मुलका थिए। अल्बानीजले सिड्नी विश्वविद्यालयबाट अर्थशास्त्रमा डिग्री लिएका छन्।

उनी १६ वर्षको उमेरमा लेबर पार्टीमा प्रवेश गरेका थिए । त्यसपछि सिड्नी विश्वविद्यालयका विद्यार्थी राजनीतिमा सक्रिय रहेका थिए । सन् १९९६ देखि उनी सिड्नीको इनर वेस्ट सिटबाट निरन्तर सांसद हुँदै आएका छन्, यो सिट लेबर पार्टीको गढ मानिन्छ। एजेन्सी

# पोप अवतारमा उत्रिए पछि क्याथोलिकहरुले गरे ट्रम्पको आलोचना




**काठमाडौ ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफूलाई पोपको रूपमा एआई उत्पन्न छवि पोस्ट गरेपछि केही क्याथोलिक धार्मिक गुरूहरुले आलोचना गरेका छन्।

ह्वाइट हाउस आधिकारिक सोशल मिडिया खातामा द्वारा साझा गरिएको यो तस्विर, क्याथोलिकहरूले २१ अप्रिलमा मृत्यु भएका पोप फ्रान्सिसको मृत्युमा शोक गर्ने र अर्को पोन्टिफ छनौट गर्ने तयारी गर्दा आएको हो।

न्यूयोर्क राज्य क्याथोलिक सम्मेलनले ट्रम्पलाई विश्वासको खिल्ली उडाएको आरोप लगाएको छ। उनले पत्रकारहरूलाई ठट्टा गर्दै ‘म पोप बन्न चाहन्छु’ भनेको केही समय पछि यो पोष्ट आएको हो ।

क्याथोलिक धर्मको उपहास गरेको आरोप लाग्ने ट्रम्प पहिलो राष्ट्रपति होइनन्। पूर्व अमेरिकी राष्ट्रपति जो बाइडेनले एक वर्ष पहिले फ्लोरिडाको ताम्पामा गर्भपतन समर्थक पहुँच ¥यालीमा क्रसको चिन्ह बनाए पछि आक्रोश पैदा गरेको थियो ।

भ्याटिकनका प्रवक्ता म्याटियो ब्रुनीले शनिबार पत्रकारहरूसँगको ब्रीफिंगमा ट्रम्पको तस्विर र भुमिकाको बारेमा प्रश्नहरूको जवाफ दिन अस्वीकार गरेका छन्। भ्याटिकनले बुधबार देखि फ्रान्सिसको उत्तराधिकारी छनोट गर्न सम्मेलन आयोजना गर्ने तयारी गरिरहेको छ।

शुक्रबार राति ट्रम्पले पोस्ट गरेको तस्बिरमा उनले सेतो क्यासक र पोइन्टेड मिटर लगाएका छन्, परम्परागत रूपमा विशपले लगाउने जस्तो। र, उनले आफ्नो घाँटीमा ठूलो क्रस लगाएका छन र र आफ्नो औंला समातेको छ, त्यसमाथी गम्भीर अनुहारको अभिव्यक्तिको साथ।

न्यूयोर्क राज्य क्याथोलिक सम्मेलन, जसले न्यूयोर्कमा विशपहरूको प्रतिनिधित्व गर्दछ, सो तस्विरको आलोचना गर्न एक्समार्फत गरेको हो । ‘यस छविको बारेमा चतुर वा हास्याँस्पद केहि छैन, श्रीमान राष्ट्रपति,’ समूहले लेखेको छ।

‘हामीले भर्खरै हाम्रा प्रिय पोप फ्रान्सिसलाई बिदा गरयौं र कार्डिनलहरू सेन्ट पिटरको नयाँ उत्तराधिकारी चयन गर्नको लागि एउटा भव्य सम्मेलनमा प्रवेश गर्न लागिरहेका छन्। हामीलाई खिल्ली नगर्नुहोस्,’ भन्दै ट्रम्पको आलोचना भएको विविसीले जनाएको छ । एजेन्सी

# घ्याम्पेसाल पाँचखुवा देउराली ताकुकोट सडक २८ वर्षपछि कालोपत्र



**गोरखा ।**
गोरखा सदरमुकामबाट घ्याम्पेसाल हुँदै बारपाक सुलिकोट गाउँपालिकाको केन्द्र ताकुकोट जोड्ने सडक कालोपत्र भएको छ । घ्याम्पेशालबाट ताकुकोटसम्मको ८.३६ किलोमिटर सडकखण्ड ट्र्याक खोलेको २८ वर्षपछि गण्डकी प्रदेश सरकारले कालोपत्र गरेको हो । दुई लेनको उक्त सडकको चौडाइ सात मिटर छ ।एमएस, बिरुवा, वाइबा एण्ड लामा जेभी कम्पनीले २९ करोड ७७ लाख रुपैयाँ लागतमा सो सडक कालोपत्र गरेको पूर्वाधार विकास कार्यालय गोरखाका इन्जिनियर कपिल काप्रीले जानकारी दिए । विसं २०८१ चैत मसान्तभित्र काम सक्ने गरी २०७७ साउन १५ गते ठेक्का सम्झौता भएको हो ।

‘ठेक्का सम्झौता भएपछि कोभिड–१९ का कारण केही ढिलाइ भएको थियो’, इन्जिनियर काप्रीले भने ‘सडक कालोपत्रसँगै एक मिटर चौडाइको नाली निर्माण र विभिन्न ठाउँमा ग्याविन तथा मेसिनरी पर्खाल निर्माणको काम सम्पन्न भइसकेको छ । सडक कालोपत्र भएपछि स्थानीय उत्साहित भएका बारपाक सुलिकोट गाउँपालिका–७ का अध्यक्ष कृष्ण गुरुङले बताए । हाल सडक कालोपत्रको काम अन्तिम चरणमा पुगेको छ ।

‘यो ट्र्याक २०५४ सालतिरै खुलेको हो । तर हालसम्म पनि कालोपत्र हुन सकेको थिएन‘, उनले भने, ‘सधैँ कच्ची सडकमै यात्रा गर्नुपर्ने चिन्ता थियो ।’

सडक कालोपत्र नहुँदा स्थानीयवासीले सास्ती खेप्नुपरेको वडाध्यक्ष गुरुङ बताउछन । उन भने ‘पहिला कच्ची सडक हुँदा यातायातको समस्या थियो ।

बर्खामा ठाउँठाउँमा पहिरो जाने, सडक हिलाम्य हुँदा सास्ती थियो । सडक कालोपत्र भएपछि बर्खाको समयमा समेत सहजै यातायात सञ्चालन हुने छ ।‘

बारपाक सुलिकोट गाउँपालिकाको केन्द्र समेत जोड्ने उक्त सडकखण्ड कालोपत्रको काम सम्पन्न भएपछि पालिकावासीलाई जिल्ला सदरमुकामसम्म आवतजावत गर्न सहज हुने छ ।रासस

# प्रधानमन्त्रीसमक्ष प्युठानको विकासका निम्ति बजेट व्यवस्था गर्न सांसद थापाको आग्रह



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद सूर्यबहादुर थापाले प्युठान जिल्लाका भौतिक पूर्वाधार र विकास निर्माणका योजनालाई आगामी आर्थिक वर्षको बजेट कार्यक्रममा समावेशका लागि अनुरोध गरेका छन ।
प्रधानमन्त्री ओलीलाई प्रधानमन्त्री निवास, बालुवाटारमा प्युठानबाट निर्वाचित सांसद थापाले भालुवाङ–प्युठान, बाग्दुला–भीमगिठे सडक, मदन भण्डारी राजमार्गलगायत योजनाका लागि ध्यानाकर्षण गराए ।
सांसद थापाले लुम्बिनी प्रदेशको राजधानी देउखुरी उपत्यका, भालुवाङबाट प्युठान जिल्ला सदरमुकाम जोड्ने भालुवाङ–प्युठान मोटरबाटोलाई चकचके–भिङ्गृ–लिबाङ एवं चकचके खलङ्गासम्म दुवै खण्डलाई एउटै सङ्केत नम्बर कायम गर्न आग्रह गर्नुधभयो । यो सडकलाई दुई लेनमा स्तरोन्नित गरी राष्ट्रिय राजमार्गमा समावेश हुन छुट भएकाले अविलम्ब समेट्नुपर्नेमा उनको जोड थियो ।
सांसद थापाले विगत १० वर्षदेखि स्रोत सुनिश्चित भई ठेक्का लागेर पनि निर्माण अलपत्र परेको बाग्दुला–भीमगिठे सडकअन्तर्गत निर्धारित बाग्दुला–मच्छी–ठूलाबेँसी–भीमगिठे सडकको नयाँ ठेक्का अविलम्ब लगाउन माग गरे ।
यसैगरी, मदनभण्डारी राष्ट्रिय राजमार्गअन्तर्गत सौतामारे–मच्छी खण्ड ठेक्का लागेर काम भइरहेकामा द्रुतगतिमा निर्माण हुनुपर्ने, गोखुङ्गा–बाग्दुला खण्डका वातावरणीय प्रभाव मूल्याङ्कन भइसकेकाले ठेक्का लगाउनुपर्ने सांसद थापाको जोड थियो ।
प्रधानमन्त्रीसमक्ष प्रस्तुत मागपत्रमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका साथै सहरी विकास मन्त्रालयअन्तर्गत पक्की पुल र जिल्लामा विभिन्न स्थानीय तहका गरी दुई हजार ३७७ सुरक्षित नागरिक आवास कार्यक्रमका योजना, ऊर्जा, सिँचाइ तथा जलस्रोत मन्त्रालय, अर्थ मन्त्रालयअन्तर्गत सात क्रमागत योजना, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत स्वर्गद्वारी विमानस्थलका लागि जग्गा अधिग्रहण गर्नेगरी बजेट विनियोजन गर्न आग्रह गरिएको छ ।
राष्ट्रिय योजना आयोगका समपूरक तथा विशेष अनुदानका आठ योजना, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गत चार योजना, खानेपानी मन्त्रालयअन्तर्गत १४ योजना, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत १० योजना, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गत प्युठान नगरपालिकामा बृहत् प्रदर्शनीस्थल निर्माण, युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत दुई योजनाका लागि सांसद थापाले प्रधानमन्त्रीमार्फत बजेट माग गर्नुभएको छ ।रासस

# नौ महिनामा सामाजिक क्षेत्रमा उल्लेख्य काम

**काठमाडौँ ।**
महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले नौ महिनाको अवधिमा दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका ११० जना गर्भवती तथा सुत्केरीको हवाई उद्धार गरेको छ ।
मन्त्रालयको पहलमा हालसम्म यसरी उद्धार गरिएका महिलाको सङ्ख्या ८१० रहेको बताइएको छ । मन्त्री नवलकिशोर साह सुडीले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि विभिन्न नीतिगत तथा संरचनागत सुधारमा जोड दिएका छन ।
मन्त्रालयले नौ महिनाको अवधिमा (२९ पुरुष र ४६ महिला गरी ७५ ज्येष्ठ नागरिकलाई आवास, भरणपोषण, स्वास्थ्य उपचार सेवा उपलब्ध गराएको छ । यस मन्त्रालयलाई अपाङ्गमैत्री निकायका रुपमा विकास गर्ने क्रियाकलापअन्तर्गत सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयमार्फत कार्य गर्नेगरी सहरी विकास मन्त्रालयमा कार्यक्रम सञ्चालनका लागि अख्तियारी प्रदान भएको सूचना अधिकारी केशवप्रसाद उपाध्यायले जानकारी दिए ।
यस अवधिमा मन्त्रालयले भारतको काश्मिरमा बन्धक बनाइएका ३२ जना नेपाली पुरुषलाई उद्धार र स्वदेश फिर्तिका लागि परराष्ट्र मन्त्रालयमार्फत दिल्लीस्थित नेपाली दूतावासलाई नपुग रकम दुई लाख ५१ हजार ४३१ रुपैयाँ पठाइएको छ ।
बाँके जिल्लामा सञ्चालित पुनःस्थापना केन्द्रलाई केन्द्र सञ्चालन तथा व्यवस्थापन खर्च शोधभर्ना गरिएको छ । यस्तै तनहुँ आबुखैरेनी गाउँपालिका–५, सत्रसयफाँट, ढकालटारमा बाल सुधार गृह भवन निर्माणका सवालमा मन्त्रालयले अख्तियारी गुर्नका साथै एलएमबीआइएस संशोधन गरेको छ ।
मानव बेचिबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को संशोधन मस्यौदाको प्रस्ताव मन्त्रिपरिषद्मा दर्ता भएको, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०८२ स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गर्ने तयारी भइरहेको तथा मानव बेचबिखनविरुद्धको अध्ययन अनुसन्धान गर्ने विषयमा समिति गठन भई कार्य प्रक्रियामा रहेको मन्त्रालयका प्रवक्ता चक्तबहादुर बुढाले जानकारी दिए ।
उनका अनुसार मङ्गला सहाना पुनःस्थापना केन्द्र भवन निर्माण गर्ने क्रियाकलापअन्तर्गत जग्गाको समस्या समाधान गरी खरिद प्रक्रिया अगाडि बढाइएको छ । बालसुधार गृह ढकालटारको बहुवर्षीय तथा स्रोत सुनिश्चित प्राप्त भई सहरी विकास मन्त्रालयमा जग्गा सुनिश्चित भई खरिद प्रक्रियामा रहेको छ ।
मन्त्रालयले मानव बेचबिखन नियन्त्रण जिल्ला समितिलाई सशर्त अनुदान (१० जिल्ला) दिने सवालमा सम्बन्धित जिल्लामा अख्तियारी पठाई एलएमबिहाइएस संशोधनका लागि अर्थमन्त्रालयमा पठाएको छ ।
मन्त्रालयले करार व्यवस्थापनमा सञ्चालित बालसुधार गृह (भक्तपुर, मोरङ, कास्की र बाँके) लाई सञ्चालन अनुदानका विषयमा मन्त्रालयले बालकोषमा रकम जम्मा गरिदिएको छ ।
मापदण्ड पूरा गरेका ४२ वटा बाल गृहलाई सञ्चालन अनुमति प्रदान गरिएको, १७ बालगृहको अनुगमन गरी पृष्ठपोषण गरिएको, सात बालगृह सञ्चालक र कर्मचारीलाई बालगृह सञ्चालनसम्बन्धी कानुन र मापदण्डका बारेमा अभिमुखीकरण गरिएको र ३१ बालबालिकालाई बालगृहबाट परिवारमा पुनर्मिलन गरिएको मन्त्रालयले जनाएको छ ।
देशभर हराएका तीन हजार ६९८ (बालक एक हजार २६ र बालिका दुई हजार ६७२) बालबालिकाको खोजतलास गरी सोमध्ये फेला परेका तीन हजार १०७ (बालक ८८३ र बालिका दुई हजार २२४) जनालाई परिवारमा पुनर्मिलन गरिएको र हराएकामध्ये ८४ दशमलव ०१ प्रतिशत फेला पारिएको मन्त्रालयको तथ्याङ्कमा छ ।
सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापनको सवालमा मन्त्रालयले बेवारिस अवस्थामा फेला परेका २२२ जना बालबालिका (बालक १२८ र बालिका ९४) मध्ये १३४ जना बालबालिकाको परिवार खोजी गरी पारिवारिक पुनर्मिलन गरिएकामा ६७ जना बालबालिकालाई पालनपोषण तथा संरक्षणका लागि बालगृह तथा अस्थायी संरक्षण सेवा केन्द्रको प्रबन्ध गरी पुनःस्थापना गरिएको÷बेवारिस फेला पारिएको छ । तीमध्ये ६० दशमलव ३६ प्रतिशत बालबालिकाको पारिवारिक पुनर्मिलन गरिएको छ भने ३९ दशमलव ६४ प्रतिशत बालगृहमा अस्थायी संरक्षणका लागि पठाइएको छ ।
यस अवधिसम्म ४३० जना सडक बालबालिकाको उद्धार, संरक्षण, पालनपोषण तथा व्यवस्थापन गर्ने लक्ष्य रहेकामा ४४१ जना सडक बालबालिकाको उद्धार, संरक्षण, पालनपोषण तथा व्यवस्थापन गरिएको जनाइएको छ ।
राष्ट्रिय गैरसरकारी संस्थाका ५८३ वटा परियोजनामा रु छ अर्ब ९७ करोड ८७ लाखको कार्यक्रम स्वीकृत गर्नुका साथै सिडमा नेपालको हालसम्मको प्रगति पेस गरिएको मन्त्रालयले जनाएको छ ।
मन्त्रालयले अपाङ्गता भएका व्यक्तिको राष्ट्रिय नीति कार्यान्वयन कार्ययोजना तयार गर्न समिति गठन गरेको छ ।
'पशुपति वृद्धाश्रम निर्माणको लागि कागेश्वरी मनहरा नगरपालिका गोठाटारस्थित पशुपति क्षेत्र विकास कोषको जग्गाको स्वामित्व प्राप्त भएपछि मात्र योजना सञ्चालन गर्नु भनी प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव रहेकामा गुठीको भोगाधिकार प्राप्त भएको उक्त जग्गा योजनाको नाममा स्वामित्व हस्तान्तरण हुने कानुनी आधार नभएकाले उक्त आयोजना सञ्चालनका लागि सम्बन्धित पालिका निजी, सामुदायिक तथा अन्य क्षेत्रबाट सोही क्षेत्रका सार्वजनिक वा सरकारी जग्गा खोजी गर्ने काम भइरहेको छ', प्रवक्ता बुढाले भने ।
जग्गा प्राप्तिको सम्बन्धमा एक महिनामा प्राप्त नभएका उपत्यका बाहिरका अन्य क्षेत्रको जग्गा प्राप्तिका लागि सार्वजनिक सूचना आह्वान गर्नुका साथै अध्ययन गर्न समिति गठन गरिएको मन्त्रालयको भनाइ छ ।
मन्त्रालयले मन्त्री साहको निर्देशनअनुसार महिला समुत्थान परियोजनाअन्तर्गत लैङ्गिक हिंसापीडित तथा प्रभावितका लागि निर्माण हुने राष्ट्रियस्तरको मङ्गला सहाना दीर्घकालीन पुनःस्थापना केन्द्र र मधेस, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा स्थापना हुने प्रादेशिक दीर्घकालीन पुनःस्थापना केन्द्रहरूको भवन निर्माणका लागि सम्बन्धित स्थानीय तह वा नगरविकास समितिको जग्गाको भोगाधिकार सम्बन्धित प्रदेश सरकारलाई उपलब्ध गराउने सम्बन्धमा प्रक्रिया सरलीकरण तथा सहजीकरणका लागि सङ्घीय सहरी विकास मन्त्रालयलाई र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गरेको छ ।रासस

# अपाङ्गतासम्बन्धी अन्तरराष्ट्रिय महासन्धिहरू कार्यान्वयन गर्नुपर्ने माग

**काठमाडौँ ।**
राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग सङ्घले नेपालले अनुमोदन गरेका अपाङ्गतासम्बन्धी अन्तरराष्ट्रिय महासन्धिहरू कार्यान्वयन गर्नुपर्ने माग गरेका छन ।
सङ्घको १७औँ स्थापना दिवसका अवसरमा अध्यक्ष माधव चम्लागाईंले आईतवार एक सन्देश व्यक्त गर्दै संयुक्त राष्ट्रसङ्घीय अपाङ्गता अधिकार महासन्धिसहित अन्य महासन्धिहरूमा भएका विविध प्रतिबद्धता र घोषणाको प्रभावकारी कार्यान्वयनमा सरकार जिम्मेवार हुनुपर्नेमा जोड दिए ।
अध्यक्ष चम्लागाईंले स्वास्थ्य बिमा प्रणालीमार्फत ह्विलचियर, कृत्रिम खुट्टा, 'क्यालिपर'लगायत आवश्यक र सहायक सामग्रीहरू सहज, गुणस्तरीय र सम्मानजनक तरिकाले उपलब्ध गराउनुपर्ने माग गरे ।
विश्वव्यापी ढाँचा तथा सिद्धान्तअनुसार सार्वजनिक पूर्वाधारहरू पहुँचयुक्त बनाउन आगामी कार्ययोजना स्पष्ट, समयबद्ध र दायित्वमुखी हुनुपर्नेमा सङ्घले जोड दिएको छ ।
'गम्भीर श्रेणीका अपाङ्गता भएका व्यक्तिहरूका लागि व्यक्तिगत सहयोगी सेवा तत्काल सुरु गर्नुपर्नेछ ।
गरिमा, आत्मनिर्भरता र जीवनको गुणस्तर सुधार गर्न यो सेवा अत्यावश्यक बनिसकेको छ । यसतर्फ सरकार गम्भीर भएर योजनाबद्ध रूपमा काम गर्नुपर्छ', सन्देशमा भनिएको छ ।
सङ्घले अपाङ्गता भएकाको विषयमा संविधान, ऐन र नीतिहरूमा समावेश गरिएका अधिकारहरू व्यवहारमा लागू नभएसम्म समता र न्यायको अनुभूति अधुरो हुने भन्दै अबको यात्रामा अपाङ्ता भएका व्यक्तिलाई राजनीतिक अधिकार सुनिश्चित गर्न संविधान संशोधन गरी तीनै तहमा अनिवार्य प्रतिनिधित्वको सुनिश्चितता गरिनुपर्नेमा जोड दिएको छ ।
अध्यक्ष चम्लागाईंले भने 'अबको मुद्दा आर्थिक सशक्तिकरण, रोजगारी, सीप विकास, डिजिटल पहुँच, अपाङ्गमैत्री संरचनाको निर्माण र सहायक उपकरणहरूको सर्वसुलभ उपलब्धतालगायत विषयहरू प्राथमिकतामा रहनेछन् ।'रासस

# कक्षा १२ को परीक्षामा ७३ वर्षीया परीक्षार्थी पनि



**काठमाडौँ ।**
माध्यामिक विद्यालय तहको कक्षा १२ को यसवर्षको वार्षिक परीक्षा आईतवारदेखि सुरु भएको छ । बिहान ८ बजेदेखि ११ बजे सञ्चालन भएको पहिलो दिनको परीक्षा शान्तिपूर्ण रुपमा सम्पन्न भएको राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिए ।
आगामी जेठ २ गतेसम्म सञ्चालन हुने उक्त परीक्षामा देशभर एक हजार ५९० र जापानमा एक परीक्षा केन्द्र निर्धारण गरेको बोर्डले जानकारी दिएको छ । सबैभन्दा बढी काठमाडौँमा १६२ र मनाङ–मुस्ताङ जिल्लामा एक–एक केन्द्र निर्धारण गरिएको छ । परीक्षामा पाँच हजार २०२ विद्यालयका नियमिततर्फ एक लाख ९८ हजार ८७५ छात्र र एक लाख ९७ हजार १३ छात्रा गरी तीन लाख ९५ हजार ९०८ परीक्षार्थी सहभागी छन् ।
त्यसैगरी आंशिकतर्फ एक लाख १५ हजार ६१७ जना गरी कूल पाँच लाख ११ हजार ५२५ परीक्षार्थीले परीक्षका लागि फर्म भरेको अध्यक्ष शर्माले जानकारी दिए ।
यस वर्ष सबैभन्दा कम मनाङबाट ४५ परीक्षार्थी सहभागी हुँदैछन् भने सबैभन्दा धेरै काठमाडौँबाट ६८ हजार १३३ परीक्षार्थी सहभागी हुने परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माले जानकारी दिए । कारागार वा बाल सुधारगृहमा रहेका परीक्षार्थीलाई परीक्षा दिने व्यवस्था गरिएको छ ।
यसैबीच, काठमाडौँ तारकेश्वर नगरपालिका–१० स्थित मनमैजुस्थित एन्जल्स हार्ट सेकेन्डरी स्कुलको परीक्षा केन्द्रबाट ७३ वर्षीय सूर्यवती खनालले परीक्षा दिईन । उनि तारकेश्वर–११ स्थित ग्रामीण आदर्श बहुमुखी क्याम्पसका विद्यार्थी छन ।
प्रवेशपत्रमा उनको जन्म विसं २००९ साउन ९ गते उल्लेख छ । चार छोराछोरीका आमा तथा तीन जना नातिनातिनाका हजुरआमा खनालले छोराछोरी हुर्किएका र पढ्न रहर भएपछि विद्यालय भर्ना भई नियमित पढाइ अगाडि बढाएका हुन । उनले एसइई परीक्षा भने गोगङ्बुस्थित चेतना महिला माध्यामिक विद्यालयबाट उर्तीण गरेकी थिईन । उनका श्रीमान विद्यालयका शिक्षक छन ।रासस

# गभर्नर पदमा नाम सिफारिस समिति सदस्यमा अधिकारी

**काठमाडाँ ।**
सरकारले नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्तिका लागि नाम सिफारिस समिति सदस्यमा पूर्वगभर्नर महाप्रसाद अधिकारीलाई नियुक्त गर्ने निर्णय गरेको छ । गभर्नर पदमा नाम सिफारिस समितिका सदस्य पूर्वगभर्नर विजयनाथ भट्टराईले राजीनामा दिएपछि रिक्त पदमा उनलाई नियुक्त गरिएको हो । आईतवार मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले सरकारले उक्त जानकारी दिए ।
बैठकले कर्णाली प्रदेशका प्रदेश प्रमुख यज्ञराज जोशी उपचारका लागि संयुक्त राज्य अमेरिका जान बिदा स्वीकृत गर्ने निर्णय गरेको छ । उनको अनुपस्थितिमा उनले सम्पादन गर्दै आउनुभएको कार्य गर्न सुदूरपश्चिम प्रदेशको प्रदेश प्रमुखलाई तोक्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ ।भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र त्यसअन्तर्गतका निकायहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने, नेपाली सेनाका एक जना सहायक रथीलाई उपरथीमा र दुई जना महासेनानीलाई सहायक रथीमा बढुवा गर्ने निर्णय गरेको उनले जानकारी दिए ।
मन्त्रिपरिषद्ले वन तथा वातावरण मन्त्रालयअन्तर्गत सुरक्षार्थ खटिएका करारमा कार्यरत सशस्त्र वन रक्षकलाई पोसाक उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने, आगामी जेठ ११ गतेदेखि १३ गतेसम्म क्यानडामा आयोजना हुने ग्लोबल कन्फ्रेन्स फर अ कास्ट–फ्रि वरल्ड, २०२५ मा सहभागीका लागि वन तथा वातावरण राज्यमन्त्री रुपा विकलाई स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ ।
बैठकले एकीकृत अस्पताल सञ्चालन तथा व्यवस्थापन गर्नेसम्बन्धी विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने, स्वास्थ्य बिमा बोर्ड, गेटा अस्पताल, सुशील कोइराला प्रखर क्यान्सर अस्पताल र डडेल्धुरा अस्पतालको आर्थिक वर्ष २०८१÷८२ का लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने पनि निर्णय गरेको मन्त्री गुरुङले जानकारी दिए ।
मन्त्री गुरुङले सरकारले नेपाल हज समिति (गठन तथा सञ्चालन) आदेश, २०८१ स्वीकृत गर्ने, बालबालिकासम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्समक्ष पेस गर्न स्वीकृति प्रदान गर्ने, नेपाल स्मार्ट सहरसम्बन्धी सूचकहरू, २०८१ स्वीकृत गर्ने, स्वाथ्य बीमा (पहिलो संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने सरकारको निर्णयसमेत गरेको बताए ।
बैठक सरकार र शिक्षक महासङ्घबीच भएको नौ बुँदे सम्झौता सम्बोधन गर्ने निर्णय गरेको पनि सरकारका प्रवक्ता गुरुङले जानकारी दिए । उनका अनुसार आगामी जेठ ६ गतेदेखि ९ गतेसम्म अजरबैजानको बाकुमा आयोजना हुने छैटौँ प्लेनरी मिटिङ अफ द ग्लोबल अपरेसन नेटवर्क अफ एन्टी–कोअपरेसन ल इनफोर्समेन्ट अथोरिटिज मा सहभागी हुन दुरुपयोग अनुसन्धान आयोगका आयुक्त डा हरि पौडेललाई स्वीकृति प्रदान गरेको छ । साथै आगामी जेठ १३ गतेदेखि १७ गतेसम्म जापानको काउन्टर टेरोरिजम युनिटका पदाधिकारीहरूसँगको छलफलमा सहभागी हुन राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक हुतराज थापा र अतिरिक्त मुख्य अनुसन्धान निर्देशक टेकेन्द्र कार्कीलाई स्वीकृति प्रदान गर्ने पनि निर्णय गरेको जनाइएको छ । रासस

# 'स्टाफ कलेज कोर्सले प्रहरीमा असल नेतृत्व निर्माण गर्नेछ'

काठमाडौँ ।
गृहमन्त्री रमेश लेखकले स्टाफ कलेजमा पढाइ हुने कार्सले प्रहरीमा असल नेतृत्व निर्माण र सङ्गठनलाई असल नेतृत्व प्रदान गर्ने बताएका छन ।
आईतवार बिहान काठमाडौँमा स्टाफ कलेज कोर्सको उद्धाटन गर्दै गृहमन्त्री लेखकले स्टाफ कलेजले नेपाल प्रहरीको नेतृत्व निर्माणमा असल भूमिका खेल्नेमा विश्वास व्यक्त गरे ।
'आज नेपाल प्रहरीका लागि महत्वपूर्ण र ऐतिहासिक दिन हो । राष्ट्र सेवामा समर्पित प्रहरीले गर्दै आएको काममा एउटा थप राम्रो काम भएको छ', गृहमन्त्री लेखकले भने, 'यो कोर्स लागू भएपछि सकारात्मक परिवर्तन आउनेमा आशावादी छु ।'
गृहमन्त्री लेखकले कलेजबाट प्रहरीमा व्यवसायिकता, प्रतिबद्धता, इमान्दारिता र कामप्रति समर्पित, सीप, ज्ञान, क्षमता र दक्षता भएको जनशक्ति उत्पादन हुने बताए ।
विसं २०७० मा प्रहरी निरीक्षकमा भर्ना भएको ब्याचबाट यो कोर्स लागू गरिएको प्रहरीले जनाएको छ । उक्त ब्याचबाट १७ जना उत्तीर्ण भएका थिए ।
प्रहरी सेवालाई आधुनिकीकरण, नेतृत्व क्षमताको विकास र अधिकृतलाई बदलिँदो सुरक्षा परिवेशसँग जुध्न सक्षम बनाउन स्टाफ कलेज कार्स एक रणनीतिक कदम भएको जनाइएको छ ।
रासस

# महिलाको ५० प्रतिशतमा १२ प्रतिशत कोटा दलितलाई



**मधेशदृष्टि**
**वीरगंज ।**
सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले सङ्घीय निजामति सेवामा महिलाका लागि छुट्याएको ५० प्रतिशत पदमध्ये दलित समुदायलाई १२ प्रतिशत छुट्याइएको बताएका छन् ।

आइतबार राष्ट्रियसभा बैठकमा पेस भएको 'दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानूनी व्यवस्थाको आवश्यकतासम्बन्धी प्रतिवेदन २०८१' माथि छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उनले यस्तो बताएका हुन् ।

उनले महिला समावेशी पदबाहेकको अन्य पचास प्रतिशत समावेशी पदमध्ये दलित समुदायलाई १५ प्रतिशत पद छुट्याएको बताए ।

प्रस्तावित दलितको हकअधिकार तथा विकास ऐन, २०८१ तर्जुमा सम्बन्धी अवधारणा पत्र सहमतिका लागि राष्ट्रिय दलित आयोगमा पठाइएको उनको भनाइ छ ।

उनले महिला समावेशी पदबाहेकको समावेशी पदको पचास प्रतिशतमध्ये १५ प्रतिशत दलित समुदायका लागि सुरक्षित गरिएको जानकारी दिए ।

मन्त्री गुप्ताले दलित समुदायको सशक्तिकरण कार्य गर्ने संरचनालाई एकीकृत गरी दलित, उपेक्षित, उत्पीडित वर्ग उत्थान तथा विकास प्राधिकरण गठन गर्ने विषयमा दलित आयोगबाट सकारात्क धारणा आएको बताए ।

# १००८ मण्डपीय संकीर्तन महायज्ञ शुभारम्भ

**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीको राजविराज नगरपालिका र रुपनी गाउँपालिकाको बीच सीमास्थित गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रमा आइतबारदेखि श्री सीताराम नाम १००८ मण्डपीय संकीर्तन एवम् रामचरित मानस महायज्ञ शुभारम्भ भएको छ । महायज्ञ मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले पूजापाठ गरी शुभारम्भ गरे । यसअघि बिहान कलश यात्रासमेत निकालिएको थियो । महायज्ञस्थलबाट निस्केको कलशयात्रामा हजारौँको संख्यामा महिलापुरुष सहभागी भए ।

सहभागीले भूतनाथ मन्दिरस्थित पोखरीबाट पवित्र जल भरेर कलश यात्रामा निस्केका थिए । आयोजक समितिका अनुसार वैशाख २१ गतेदेपखि २९ गते ९ दिन चल्ने महायज्ञमा नेपाल तथा भारतका विभिन्न धर्मगुरुका साथै साधुसन्तको सहभागिता रहनेछ । महायज्ञमा १५ लाखभन्दा बढी भक्तजन आउने विश्वास गरिएको आयोजक समितिका अध्यक्ष गणपैत पण्डित कुम्हारले बताए ।



विश्व शान्ति, मानव कल्याण, औद्यौगिक क्षेत्रको विकास तथा उद्योगीलाई आकर्षित गर्ने कामनाका साथ आयोजना गरिएको महायज्ञमा अनुमानित लागत ३ करोड ३६ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको आयोजक समितिका सहअध्यक्ष समेत रहेका रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवले जानकारी दिए ।

यज्ञकर्ता एवम् संरक्षक जगत नन्दन दासजी (पगलाबाबा) ले महायज्ञमा भारतका शंकराचार्य पिठाधीश जगत गुरु शारदानन्द सरस्वतीका साथै नेपाल तथा भारतका प्रख्यात सन्तबाट कथावाचन हुने कार्यक्रम रहेको जानकारी दिँदै महायज्ञ सफल बनाउन सबैसँग आग्रह गरे ।

महायज्ञ भव्य बनाउन धार्मिक प्रवचन, रासलीला, रामलीला, झुला खेलसहित मनोरञ्जनका विभिन्न कार्यक्रम व्यवस्था मिलाइएको जिल्ला समन्वय समितिका उपप्रमुख एवम् महायज्ञ आयोजक समितिका सदस्य शम्भु प्रसाद यादवले जानकारी दिए । महायज्ञस्थलमा अहिले पुजाविधिका लागि फुसका १००८ वटा मण्डप बनाइएको छ भने विभिन्न देवीदेवताका १०८ वटा मूर्ति राखिएको छ ।

महायज्ञ शुभारम्भका अवसरमा मुख्यमन्त्री सिंहका साथै प्रतिनिधिसभा सदस्य दिनेश कुमार यादव, प्रदेश सांसद महेशकुमार यादव, समाजसेवी गजेन्द्र मण्डल, दिपेन्द्र चौधरी, वडाअध्यक्ष जबाहर यादव, सुरक्षा निकायका प्रमुखको उपस्थिति थियो ।

# मौलापुरद्वारा नगरबासीको विद्युत महसुल भुक्तानी




**मधेशदृष्टि**
**रौतहट ।**
मौलापुर नगरपालिकाले नगरबासीको विद्युत् महसुलबापत २ करोड ५० लाख रुपैयाँ बढी रकम विद्युत प्राधिकरणलाई बुझाउने भएको छ । अत्यन्तै लोकप्रिय कार्यक्रम 'फ्रि बिजुली पानी' अन्तर्गत जनताको कृषि तथा घरायसी मिटरको सम्पूर्ण विद्युत महसुलबापतको रकम मौलापुर नगरपालिकाकी मेयर रिना साहले विद्युत प्राधिकरण मौलापुर वितरण केन्द्रलाई निरन्तर बुझाउँदै आएकी छिन् ।

सोही कार्यक्रम अन्तर्गत मेयर साहले वैशाख महिनाको विद्युत् महशुल बापतको २२ लाख १० हजार रुपैयाँ बराबरको चेक प्राधिकरणलाई हस्तान्तरण गरेकी हुन् । योसँगै चालु आर्थिक वर्ष २०८१–८२ मा मौलापुर नगरपालिकाले जनताको विद्युत महसुलबापत हालसम्म २ करोड ५७ लाख १० हजार रुपैयाँ विद्युत प्राधिकरणलाई निकासा गरिसकेको प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहले बताए ।

मौलापुरमा पहिलोपटक मेयर पदमा निर्वाचित भएपछि रिना कुमारी साहको निर्देशनमा सञ्चालन गरिएको जनमुखी कार्यक्रम 'फ्रि बिजुली पानी' विगत ८ वर्षदेखि सफल रूपमा निरन्तर चल्दै आएको छ । मेयर साह आमजनता पार्टीका केन्द्रीय अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहको श्रीमती हुन् । उनी २०७४ को स्थानीय निकायको निर्वाचनमा नेकपा माओवादी केन्द्रको टिकटबाट र २०७९ को स्थानीय निकायको निर्वाचनमा नेकपा एमालेको टिकटबाट निर्वाचित भएकी हुन् ।

# विद्यालय नजिकै नेताको अवैध क्रसर विरोध गर्नेलाई 'डाँका मुद्दा'

**मधेशदृष्टि**
**सर्लाही ।**
विधालय क्षेत्रमा अवैध क्रसर चलाएको विषयमा आवाज उठाएपछि नेपाली कांग्रेसका सभापति सुरेन्द्रप्रसाद सिंहले झुटा मुद्दा लगाएर ६ जनालाइ फसाउन खोजेका छन् । बसबरिया गाउँपालिका–५ कोठियार नजिकको प्राथमिक विद्यालयमा अवैधरूपमा सञ्चालन भएको क्रसर हटाउनु पर्ने माग गर्ने ६ जनामाथि झुटा मुद्दा लगाएर फसाउन खोजेको पीडितहरूले बताएका छन् ।

विद्यालय र मन्दिर नजिक रहेको सभापति सिंहको क्रसरमा हुल इज्जत गरेको भन्दै उनका भाइ वीरेन्द्रप्रसाद सिंहले मुद्दा हालेको पीडित दिपेश यादवले जानकारी दिए । 'स्कुल र मन्दिर नजिकै सुरेन्द्रप्रसाद सिंह र उनको परिवारको क्रसर छ, जसको धूलो उडेर स्कुलमा पस्दा पढने वातावरण छैन, बालबालिका बिरामी भएका छन् भने कतिपयले अन्यत्र गाउँमा लगेर पढाउनु परेको छ,' यादवले भने, 'जसको हामीले विरोध गरेका थियौँ, त्यसपछि हामीलाई सभापति आफैँ रड लिएर हान्न आउनु भएको थियो, अहिले त झुटा मुद्दा लगाइदिनु भएछ ।' उनका अनुसार वैशाख १० गते सभापति सिंह आफैँ रड बोकेर स्थानीय गाउँलेमाथि जाइलागेपछि विरोध गरिएको थियो । झडपको स्थिति भएपछि सभापति त्यो ठाउँ छाडेर हिँडेका थिए । 'तर, पछि पावर देखाउँदै हामीमाथि झुटा मुद्दा लगाउनु भयो,' उनले भने ।

उनका अनुसार स्थानीय बरहथवा प्रहरीमा सभापति सिंहले 'डाँका मुद्दा' हालेका छन् । जसअनुसार मुद्दा खेप्नेमा स्थानीय दिपेश यादव, मदन साह, राम आधार यादव, राम प्रवेश यादव, विजय गुप्ता र ज्ञानी यादव रहेको न्युज कारखानाले सम्प्रेषण गरेको समाचारमा उल्लेख छ ।

उनका अनुसार पूर्वमन्त्री वीरेन्द्र सिंह र सभापति सिंहको क्रसर प्राथमिक विद्यालय भन्दा ३०–३५ मिटरको दूरीमा मात्रै छ र नजिकै माईको पनि मन्दिर छ । जुन ठाउँबाट क्रसर सार्न स्थानीयले माग गरे पनि सिंहले 'पावर देखाउँदै' अन्यत्र नसारी जबर्जस्त चलाइरहेको स्थानीयको आरोप छ ।

घटनापछि उनको विरोध गर्ने स्थानीय ६ जनालाई इलाका प्रहरी कार्यालय, बरहथवामा वैशाख १२ गते उनले मुद्दा हालेको र पक्राउ पुर्जी जारी गरिसकेको छ । तर, उनीहरू भागेर हिँडिरहेका छन् । त्यसो त, बरहथवाका तत्कालीन डिएसपी गौतम थापाले माथिबाट आफूमाथि दबाब आएपछि मुद्दा दर्ता र पक्राउ पुर्जी जारी गरिएको जानकारी छाडेर सरूवा भइसकेको पीडितको भनाइ छ । गृह मन्त्रीको दबाबपछि आफूले मुद्दा दर्ता गर्नुपरेको पीडितहरूलाई डिएसपी गौतमले सूचना छाडेर हिँडेका छन् । उनको यही बेला सरूवा भएको छ । उता, प्रहरी निरीक्षक राजन पटेलले सभापति सिंहका परिवारले मुद्दा दर्ता गरेको स्वीकार गरेका छन् । 'क्रसरको विषयमा झडप भएको रहेछ, मुद्दा परेको छ, हामी अनुसन्धान गर्दैछौँ,' उनले भने ।



# लोकतान्त्रिक व्यवस्थाको माया कांग्रेसलाई बढी छः निधि

**मधेशदृष्टि**
**सर्लाही ।**
नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले सङ्घीय लोकतान्त्रिक व्यवस्थाको माया सबैभन्दा बढी कांग्रेस नै रहेको बताएका छन् । सर्लाहीको हरिवन नगरपालिका–२, अत्रौलीमा आइतबार शहीद सुखदेव महतोको शालिक अनावरण गर्दै नेता निधिले सङ्घीयतासहितको लोकतान्त्रिक व्यवस्थाको माया अरु राजनीतिक दलभन्दा कांग्रेसलाई बढी रहेको बताए । यो व्यवस्थालाई जोगाइरहन सके मात्र शहीदप्रति उच्च सम्मान हुने भन्दै नेता निधिले कांग्रेसले धेरै कुरा सहेर यो व्यवस्थालाई जोगाइरहेको जिकिर गरे ।

संयुक्त सरकार रहेको बेला सबै कुरा आफ्नो पार्टीले भनेको नहुने भन्दै उनले पार्टीबाट निर्वाचित जनप्रतिनिधि र कार्यकर्तालाई अन्य कुराको पछि नलागी २०८४ को निर्वाचनलाई लक्षित गरी काम गर्न आग्रह गरे । उनले अबको १३ महिनापछि नेपाल कम्युनिष्ट पार्टी (एमाले) सँगको सातबुँदे सहमतिअनुसार पार्टी सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बन्ने र त्यसपछि कांग्रेसले देखेका सपना पूरा गर्न थप सहज हुँदै जाने बताए ।



पार्टीका पूर्वउपसभापति निधिले पछिल्लो समय मधेश प्रदेशमा योजना छनोटसँग जोडिएका नकारात्मक कुरा आइरहेको भन्दै प्रदेशलाई नै बद्नाम गर्ने काममा नलाग्न जनप्रतिनिधिलाई आग्रह गरे । विसं २०५९ वैशाख २१ गते तत्कालीन विद्रोही पक्षले घाँटी रेटेर हत्या गरेका पार्टी नेता एवम् साविक अत्रौली गाविसका अध्यक्ष सुखदेव महतोको अर्धकदको शालिक अनावरण गरिएको हो ।

कार्यक्रममा कांग्रेस नेता एवम् मधेश प्रदेशसभा सदस्य वीरेन्द्र सिंह, गङ्गीलाल राय, पूर्वमन्त्री शम्भु श्रेष्ठ, जिल्ला सभापति सुरेन्द्र सिंहलगायतका नेता कार्यकर्ताको सहभागिता थियो ।

# तीनकुने घटनाका सहभागी पनि परीक्षा दिँदै

**मधेशदृष्टि**
**सिरहा ।**
आइतबारदेखि शुरु भएको कक्षा १२ को परीक्षामा काठमाडौँको तीनकुनेमा भएको प्रदर्शनमा अवाञ्छित गतिविधि गरेको आरोपमा पक्राउ परेका युवासमेत सहभागी भएका छन् । चैत १५ गते राजावादीको प्रदर्शनमा सहभागी भई अवाञ्छित गतिविधिमा संलग्न सिरहाका १९ वर्षीय दिनेश महतोसहितले आइतबारको परीक्षा थुनाबाटै दिएका हुन् ।

अन्य विभिन्न आरोपमा पक्राउ परेका पाँचजनाले पनि थुनाबाटै परीक्षा दिएको जिल्ला प्रहरी परिसर काठमाडौँका एसपी अपिल बोहराले जानकारी दिए । महतो बानेश्वरस्थित लिभरपुलमा अध्यनरत थिए । त्यस्तै, अन्य पनि विभिन्न आरोपमा पक्राउ परेकालाई पनि भद्रकाली परिसरमै परीक्षा दिने व्यवस्था मिलाइएको थियो । उपकेन्द्र बनाएर थुनामा रहेका आरोपितलाई समेत परीक्षामा सहभागी गराएको एसपी बोहराले जानकारी दिए । परीक्षामा दिनेहरूमा महतोसहित धादिङका सरोज थापा, नुवाकोटका सिमन घले, सिन्धुपाल्चोकका दावा शेर्पा र स्याङ्जाका सौगातकुमार विक छन् । त्यस्तै एकजना भारतीय नागरिक छन् ।

# शिकारीले फालेको दुईथान बन्दुक फेला



**मधेशदृष्टि**
**सिरहा ।**
गोलबजार नगरपालिका–१० डण्डाबाट दुईथान भरुवा बन्दुक फेला परेको छ । शिकार खेल्न गएका शिकारीले बन्दुक फालेर भागेको अवस्थामा दुई थान भरुवा बन्दुक फेला परेको हो ।

शिकार खेल्नेक्रममा बन्दुक पड्किएको सूचना पाएपछि प्रहरी टोली घटनास्थलमा पुगेर खोजतलासक्रममा भरुवा बन्दुक फेला परेको इलाका प्रहरी कार्यालय गोलबजारका प्रहरी निरीक्षक गोबिन्द साहले जनाए ।

उनले भने, 'शिकारीहरुले आँपगाछी क्षेत्रमा दुईथान भरुवा बन्दुक फालेको अवस्थामा फेला परेको छ, शिकारीहरूले सिकार खेल्ने क्रममा बन्दुक पड्काएको सूचना आएपछि हामी घटनास्थलमा पुगेर खोजतलास गर्दा बन्दुक फेला पारेको हो ।' बन्दुक कसले फालेको हो भन्नेबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# वैशाख २३ गतेदेखि जयनेपाल कप क्रिकेट

**मुकेश कुमार साह**
**चपुर ।**
रौतहटको चन्द्रपुरमा 'जय नेपाल कप' अन्तर कलेज क्रिकेट प्रतियोगिता–२०८२ गरिने भएको छ । प्रतियोगिता नेपाली कांग्रेस विद्यार्थी विभाग रौतहटको आयोजनामा वैशाख २३ गतेदेखि शुरु हुने भएको हो । प्रतियोगिताबारे जानकारी चन्द्रपुर–८ को कोटिहोम खेलमैदानमा आयोजित पत्रकार सम्मेलनमार्फत दिइएको छ ।

पत्रकार सम्मेलनमा आयोजक संस्थाका संयोजक श्यामहरि चौलागाईंले युवामा खेल भावना, अनुशासन र सकारात्मक सोच विकास गराउने उद्देश्यसहित प्रतियोगिता आयोजना गरिएको बताए । 'कुलतमा नलागून् भनेर सबै कलेजका विद्यार्थीलाई समेटेर यो प्रतियोगिता गर्न लागिएको हो,' उनले स्पष्ट पारे । प्रतियोगितामा रौतहटका आठ क्याम्पस सहभागी हुनेछन् । सहभागी टोलीलाई दुईसमूहमा विभाजन गरिएको छ ।

खेल समूह 'ए' माः गौरीशंकर यादव रौतहट क्याम्पस (गौर), मध्या रौतहट मल्टिपल क्याम्पस (गरुडा), सुरत रामकेबल मल्टिपल क्याम्पस (गुजरा), कटहरिया मल्टिपल क्याम्पस (कटहरिया) रहेका छन् । त्यस्तै, समूह 'बी' माः सिन्धुरेघारी मल्टिपल क्याम्पस (चन्द्रपुर), श्रीदेवी सिटिइभिटी कलेज (माधवनारायण), लक्ष्मी श्री मल्टिपल क्याम्पस (समनपुर), अभियान एजुकेसनल कन्सल्टेन्सी (गौर) छन् ।

प्रत्येक समूहबाट शीर्ष दुई टोली सेमिफाइनलमा पुग्नेछन् । प्रतियोगिता वैशाख २३ देखि २९ गतेसम्म सञ्चालन हुनेछ । वैशाख ३० गते सेमिफाइनल र ३१ गते बिहान ११ बजे फाइनल खेल हुनेछ ।



प्रतियोगिताका व्यवस्थापक देवराज कार्कीले खेलले सामाजिक एकता, युवा चेतना र अनुशासनको विकासमा योगदान पु¥याउने विश्वास व्यक्त गरे । उनले खेलको व्यवस्थापनदेखि सुरक्षासम्मको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिए ।

विजेता टिमलाई १ लाख रुपैयाँ र उपविजेता टिमलाई ५० हजार रुपैयाँ पुरस्कार प्रदान गरिनेछ । मौसमका कारण खेल प्रभावित भएमा समूह चरणमा अंक बराबरी बाँडिने र नकआउट चरणका लागि रिजर्भ डेको व्यवस्था गरिएको आयोजकले जनाएको छ । संयोजक चौलागाईंका अनुसार, 'नेपाल क्रिकेट, जय नेपाल क्रिकेट' भन्ने नाम राखिए पनि यो कुनै पार्टी वा विचारधारासँग सम्बन्धित नभई विशुद्ध रूपमा खेलप्रेमी र खेलाडीको मनोबल बढाउने उद्देश्यले आयोजना गरिएको प्रतियोगिता हो । पत्रकार सम्मेलनमा आयोजक समितिका अन्य सदस्य, खेलाडी र सञ्चारकर्मीको उल्लेख्य उपस्थिति थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन